
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ पुस २०८२
मंगलबार
6 January 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


इपेपर हेर्न

वर्ष २३, अंक ३२७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पुरानै अनुहारलाई 'लोकप्रिय' ठान्दै दलहरू

नयाँ राजनीतिक दलले सामाजिक सञ्जालको प्रभाव र पेसागत रूपमा सफल व्यक्तिलाई उम्मेदवार बनाउने तयारी गरिरहेका बेला पुराना दल भने पुरानै नेताहरूलाई लोकप्रिय मानेर चुनावमा जाँदै छन् ।






**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २१ पुस


प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूले उम्मेदवार छनोटको कामलाई तीव्रता दिएका छन् । निर्वाचनमा भाग लिने दलहरूले समानुपातिक उम्मेदवार मनोनयनसँगै २१ फागुनमै निर्वाचनको माहोल तातेको छ । निर्वाचन आयोगको कार्यतालिकाअनुसार माघ ६ गते प्रत्यक्षतर्फ उम्मेदवारी मनोनयन गर्ने समय >>> पृष्ठ २ मा

## एमालेमा हेभीवेट एकल सिफारिस

आगामी फगुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनमाका लागि नेकपा एमालेले देशभर उम्मेदवार सिफारिसको कामलाई तीव्रता दिएको छ । कतिपय जिल्लामा उम्मेदवार सिफारिसका लागि मतदान नै भइरहँदा शीर्ष नेतालाई एकल सिफारिस गरेर पठाएको छ । जिल्ला तथा निर्वाचन क्षेत्रबाट एमालेका अध्यक्ष, उपाध्यक्षसहित २६ जनाबढी नेताको नाम एकल सिफारिस भएर आएको नेकपा >>> पृष्ठ २ मा


## कांग्रेसमा शीर्षलाई प्राथमिकता

नेपाली कांग्रेसले प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ र समानुपातिकतर्फ तथा राष्ट्रिय सभामा उम्मेदवार सिफारिस पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिम सिफारिस गर्न निर्देशन दिइएको थियो । मंसिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमिति बैठकको सोही निर्णयअनुसार उम्मेदवार सिफारिस आइसकेको कांग्रेसले जनाएको छ । सभापति शेरबहादुर देउवाको >>> पृष्ठ २ मा











# तंग्रिँदै अदालत

सर्वोच्च अदालतमा जलेर नष्टमा भएका २० हजार ३४ थान मुद्दामध्ये १० हजार १ सय २० थान मिसिल पुनः प्राप्त भएका छन् ।



**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, २१ पुस

जेनजी आन्दोलनसँगैको विध्वंसमा जलेर भग्नावशेष बनेको सर्वोच्च अदालतमा चहल पहल बढ्न थालेको छ । मुद्दा दर्ता गर्ने, तारेख बुझ्ने, बहसपैरवी र फैसलाजस्ता न्यायिक गतिविधि पुरानै लयमा फर्किन थालेका छन् । सर्वोच्चसहित अन्य अदालतमा पनि मिसिल पुनः प्राप्त गर्दै बहस तथा फैसला हुन थालेका छन् ।

जेनजी आन्दोलनका क्रममा युवाहरूको ज्यान गएपछि गत भदौ २४ गते अनियन्त्रित समूहले न्यायालयमाथि आक्रमण गरेको थियो । त्यसक्रममा सर्वोच्चसहित उच्च र जिल्ला अदालतहरू पूर्णरूपमा ध्वस्त पारिएका थिए । तीमध्ये केही मर्मत र पुनः निर्माण गरिएको छ भने जलेर नष्ट मिसिल प्राप्ति प्रक्रिया अघि बढाइएको छ । सर्वोच्च अदालतमा जलेर नष्टमा भएका २० हजार ३४ थान मुद्दामध्ये १० हजार १ सय २० थान मिसिल पुनः प्राप्त भएका छन् । पुस १७ गतेसम्म ९ हजार ५ सय ९० जना सेवाग्राहीले तारिख लिइसकेका छन् । अदालतका सूचना अधिकारी एवं सहायक प्रवक्ता निराजन पाण्डेका अनुसार पुस १७ गतेसम्म ९ हजार ७५ जनाले मिसिलका कागजात बुझाएका छन् । सरकारवादी मुद्दाका जलेका मिसिल महान्यायाधिवक्ता कार्यालयमार्फत पनि बुझिँदै छ । महान्यायाधिवक्ताको कार्यालयबाट १ हजार ४५ वटा मिसिल प्राप्त भएको पाण्डेले बताए ।

अदालतले मंसिर र पुस महिनाभित्र उपस्थित भएर मुद्दाका मिसिल उपलब्ध गराउन सम्बन्धित पक्षसँग अनुरोधसमेत गरेको थियो । अदालतमा मुद्दाका मिसिलहरू दुवै पक्षले पेस गर्नेक्रम जारी छ । अदालतमा प्राप्त भएका मुद्दा प्रमाणीकरण हुँदै बहस तथा फैसलाका काम भइरहेको उनले बताए । 'अदालत पुरानै गतिमा फर्किएको छ,' उनले भने, 'प्राप्त भएका दुवै पक्षका मिसिल प्रमाणीकरण गरी कानुनबमोजिम कारबाही र सुनुवाइ प्रक्रिया अगाडि बढाइएको छ ।'

प्राप्त मिसिललाई सर्वोच्चले मुद्दा हेर्ने रजिस्टार, मुद्दा महाशाखा प्रमुख र फाँटका सम्बन्धित सुपरिवेक्षणपछि प्रमाणीकरण गर्ने गरिएको छ । ' प्रमाणिकरणसमेत भइसकेको र केही मुद्दा सुनुवाइका लागि पेसीसमेत तोकिसकेको छ,' उनले भने, 'महान्यायाधिवक्ता कार्यालय, मुद्दाका पक्ष र विपक्षीहरूले मिसिल बुझाउने कार्य भइरहेको छ ।'

जेनजी प्रर्दशन क्रममा देशभरका २३ अदालतमा आगजनी >>> पृष्ठ २ मा

# अभद्र टिप्पणीले मधेशमा तनाव

धर्म संस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर पछिल्लो समय मधेश प्रदेशका विभिन्न क्षेत्रमा प्रदर्शन भइरहेका छन् । जसले सुरक्षा संवेदनशीलतासमेत बढाएको छ ।



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २१ पुस

अभद्र टिप्पणीले मधेश प्रदेशमा तनाव सिर्जना गरेको छ । धर्म संस्कृतिलक्षित सामाजिक सञ्जाल टिकटकमा भएको एउटा अभद्र टिप्पणीको विषयलाई लिएर पछिल्लो समय मधेश प्रदेशका विभिन्न क्षेत्रमा प्रदर्शन भइरहेका छन् । जसले सुरक्षा संवेदनशीलतासमेत बढाएको छ । धनुषा र पर्सामा प्रदर्शन भएको छ ।

प्रहरीका अनुसार दुई जना युवाहरूले टिकटकमा हिन्दुस्तानको नाम लिँदै एक भिडियो पोस्ट गरेका थिए । त्यसपछि दुवैलाई नियन्त्रणमा लिएर स्थानीयले प्रहरीको जिम्मा लगाइदिए ।

यस विषयमा प्रहरी कार्यालयमा छलफल भइरहेका बेला एउटा मस्जिदमा आक्रमण भएको थियो । आक्रमणमा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । यस विषयलाई स्वार्थ समूहले गलत तरिकाले फैलाउन खोज्दा तनाव भएको हो । दिनहुँ प्रदर्शन हुन थालेपछि वीरगन्जमा कफ्र्यु नै लगाइएको छ ।



> सामाजिक द्वेष फैलाउने व्यक्ति तथा समूहलाई कानुनी दायरामा ल्याई कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।
>
> **आनन्द काफ्ले**
> सहसचिव एवं प्रवक्ता
> गृह मन्त्रालय

प्रहरीका अनुसार सम्भावित जोखिम ख्याल गर्दै धनुषा र पर्सासहित मधेशका आठैवटा जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ । विभिन्न संवैधानिक आयोगहरूले पनि आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकता कायम राख्न संयुक्त अपिल गरेका छन् । मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगले संयुक्त विज्ञप्ति निकालेर नेपाली समाज ऐतिहासिक रूपमा विविध जाति, धर्म, भाषा र संस्कृतिबीच आपसी सम्मानका साथ सहअस्तित्वमा बस्दै आएको उल्लेख गरेका छन् । तर केही समययता स्वार्थ समूहको उक्साहटमा समाजमा भ्रम र अविश्वास सिर्जना हुने खालका गतिविधि बढ्न थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् । संयुक्त विज्ञप्तिमा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## काउन्सेलर श्रम पौडेलको खोसियो जिम्मेवारी

**सुवास लामिछाने / मध्यान्ह**
युएई, २१ पुस



वैदेशिक रोजगारीमा रहेका कामदारको राहत र उद्धारमा लापरबाही गरेको निष्कर्षसहित परराष्ट्र मन्त्रालयले संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासमा कार्यरत काउन्सेलर श्रम (उपसचिव) दीपेन्द्र पौडेललाई फिर्ता बोलाएको छ । शनिबार नै स्वदेश फर्काइएका पौडेलको जिम्मेवारी पनि खोसिएको छ ।

विभिन्न कारणले अलपत्र परेका तथा तलब सुविधा नपाएको उजुरी गरेका नेपाली कामदारको राहत, उद्धार र क्षतिपूर्ति दिलाउने विषयमा पौडेलले लापरबाही गरेको युएईस्थित नेपाली दूतावासको आन्तरिक >>> पृष्ठ २ मा

## संघद्वारा श्रमसचिव काफ्लेको ध्यानाकर्षण



**काठमाडौं / मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युएई भिसा प्रक्रियामा श्रमिकमाथि परेको आर्थिक भार हटाउन र युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण सम्बन्धमा नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव दीपक काफ्लेको ध्यानाकर्षण गराएको छ ।

नवनियुक्त सचिव काफ्लेलाई बधाई तथा कार्यकाल >>> पृष्ठ २ मा




*आइसिसी पुरुष टी-२० विश्वकप २०२६ को ट्रफी नेपाल आइपुगेको छ । ट्रफीको राष्ट्रपति कार्यालयमा अनावरण गरिएको छ । टी-२० विश्वकपको ट्रफी पहिलोपटक नेपाल ल्याइएको हो भने यसअघि सन् २०१८ मा ओडिआई विश्वकपको ट्रफी नेपालमा प्रदर्शन गरिएको थियो । ट्रफी टुर जनवरी ७ सम्म आयोजना हुनेछ । क्रिकेट प्रेमीहरूले ट्रफी नजिकबाट अवलोकन गर्ने अवसर पाउनेछन् ।* ***तस्बिर : नेपाल फोटो लाइब्रेरी***

## पुरानै

तोकिएकाले दलहरूले त्यसअगावै आन्तरिक प्रक्रिया पूरा गरेर आधिकारिक मनोनयन दर्ता गराउनुपर्ने दबाबमा छन्। सोहीअनुसार प्रमुख ठुला दुई दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले १ सय ६५ वटै निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फ उठाउने उम्मेदवारको नाम सिफारिस गरिसकेका छन्। एमालेमा १३ पुसको केन्द्रीय सचिवालय बैठकको सर्कुलरअनुसार गत बिहीबारदेखि निर्वाचन क्षेत्रस्तरबाट सिफारिसको काम धमाधम गरिरहेको छ। विघटित प्रतिनिधि सभाको चौथो ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आन्तरिक आवेदन र प्राइमरी निर्वाचनमार्फत उम्मेदवार छनोट गरिरहेको छ। निर्वाचन प्रचार अवधिलाई ध्यान दिँदै प्रत्यक्षतर्फका उम्मेदवार छनोट प्रक्रिया टुंगो लगाउनुपर्ने चापमा रहेका दलहरूका लागि १३ दिन मात्रै समय बाँकी छ।

सरकार र निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरमा तोकिएकै समयमा सम्पन्न हुने भनेर दलहरूसँग पटकपटक छलफल गरिसकेको छ। यस अवस्थामा निर्वाचन हुनेमा दलसमेत ढुक्क हुँदै गएका छन्। नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले सरकार र निर्वाचन आयोगले निर्वाचन हुनेगरी काम गरिरहेकाले फागुन २१ को निर्वाचन हुने विश्वास व्यक्त गरे। पूर्वगृहमन्त्रीसमेत रहेका नेता सिटौलाले मध्यान्हसँग भने, 'राजनीतिक दलहरू निर्वाचनप्रति सशंकित थिए। तर आयोग र सरकारले निर्वाचन हुने विश्वास दिलाएपछि दलहरू निर्वाचनकै तयारीमा लाग्नुपर्नेहुन्छ। त्यसका लागि कांग्रेसले उम्मेदवार छनोटको काममा जुटेको छ।'

कांग्रेसले अघिल्लो निर्वाचनमा निर्वाचित नेताहरूलाई नै प्राथमिकता दिने विषयमा छलफल केन्द्रित भएको स्रोतको दाबी छ। यद्यपि कांग्रेसले उम्मेदवार सिफारिस गर्दा व्यक्तिको लोकप्रियता, योगदान, क्षमता र जित्ने सम्भावनासँगै सामाजिक छविलाई पनि विशेष मापदण्ड बनाएको छ। एउटा निर्वाचन क्षेत्रबाट एक महिलासहित तीन जना उम्मेदवार सिफारिस गर्ने मापदण्ड बनाएको छ। तर कतिपय निर्वाचन क्षेत्रबाट २५-३० जनासम्मको नाम केन्द्रमा सिफारिस भएर आएको केन्द्रीय कार्यालयमा मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। त्यो संख्या केलाएर एक जनालाई टिकट दिनुपर्ने कांग्रेसका लागि तल्लो तहकै समितिले बोझ बढाएको नेताहरूले बताएका छन्। तीन जना मात्रै पठाउन गरिएको परिपत्रलाई बेवास्ता गर्दै ३० जनासम्मको नाम सिफारिस हुँदा केन्द्रीय समितिमाथि नेता मिलाउने भार थपिएको केन्द्रीय कार्यसम्पादन समितिका सदस्य बलबहादुर केसीले बताए। उम्मेदवार छनोटको सबै काम कार्यसम्पादन समितिलाई हुनेछ। जेनजी आन्दोलनपछि विकसित राजनीतिक परिदृश्यअनुसार पुराना दलमाथि निर्वाचन जित्न सक्ने व्यक्ति छनोटमा ध्यान दिनुपर्ने दबाब रहेको नेपाली कांग्रेसकी नेता डा. डिला संग्रौलाले बताइन्। 'अहिले नयाँ र पुराना भन्ने भाष्य निर्माण गरिएको छ। तर कुन पार्टीले के गरेका छन्? राजनीतिक संघर्ष र देश-जनताप्रति योगदान कसको के छ? भनेर नहेरी पपुलिस्टलाई जनताले छनोट गर्ने अवस्था बनेको छ। त्यसकारण ठुला दलहरूले पनि समाजमा भिजेका र 'लोकप्रिय व्यक्तित्व र जित्ने सम्भावना'लाई प्रथमिक्ता दिनुपर्छ।' पुराना दलका शीर्ष नेता कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालको नाम एकल सिफारिस भएको छ। देउवाको डडेल्धुरा, ओलीको झापा ५, प्रचण्डको कालीकोट र नेपालको रौतहट २ बाट एकल सिफारिस छ।

नेकपा एमालेले उम्मेदवार छनोटको मापदण्ड बनाएका तल्लो कमिटीहरूमा सर्कुलर गरेअनुसार नै उम्मेदवार सिफारिस आइरहेको बताएको छ। पार्टी सचिव महेश बस्नेतले केन्द्रीय कमिटीले बनाएर पठाएको मापदण्डअनुसार उम्मेदवारहरूको नामावली आइरहेको बताए। 'सबै जिल्ला र निर्वाचन क्षेत्रबाट आएका सिफारिस केन्द्रमा पुगेपछि उम्मेदवारको अन्तिम टुंगो लगाइनेछ,' उनले भने, 'यसपटक एमालेले जेनजीको भावनासमेत बुझेर भूगोलमा खटेर काम गरेका केही पुराना र केही नयाँ लोकप्रिय नेतालाई नै उम्मेदवार बनाउँछ।' एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाले एक महिलासहित तीन जनाको नाम प्राथमिकता क्रममा सिफारिस आएको उनको भनाइ छ।

जेनजी आन्दोलनका कारण युवापुस्ताको प्रतिनिधित्वबारे बहसकाबीच दलहरूले समानुपातिक बन्दसूचीमा पठाएका नामहरूको लोकप्रियतावादमा बढी केन्द्रित भएको देखिन्छ। नयाँ भनिएको रास्वपाले प्रत्यक्षतर्फको उम्मेदवार छनोटमा उमेर समूहभन्दा पनि 'लोकप्रिय' व्यक्तिलाई प्राथमिकतामा राखेको छ। रास्वपाका प्रवक्ता मनीष झाले भने, 'सामाजिक कार्य गरेका र भोलिका दिनमा पनि निरन्तरता दिन सक्ने, परिवर्तनका पक्षधर, विभिन्न क्षेत्रका विज्ञ, जनतामाझ लोकप्रिय व्यक्तिलाई नै उम्मेदवार बनाएर पठाउँछौं।' रास्वपा आगामी सरकारको प्रधानमन्त्री बालेन शाहलाई घोषणा गरेर निर्वाचनमा जाँदै छ। सभापति रवि लामिछानेले सोमबार पार्टीले आयोजना गरेको राजनीतिक समायोजन कार्यक्रममा डा. स्वर्णिम वाग्लेलाई आगामी सरकारको बजेट लेखन सुरु गर्न आग्रह गरे। उनको भनाइले अर्थमन्त्री वाग्लेलाई बनाउने तयारी गरेको बुझिन्छ। तर निर्वाचनमा पार्टीले सरकार बनाउन सक्ने सिट ल्याउने विश्वस्त आधार भने छैन।

त्यस्तै, राप्रपाले अधिकांश निर्वाचन क्षेत्रबाट प्रत्यक्ष उम्मेदवारको नाम समानुपातिकसँगै केन्द्रमा मगाइसकेको महामन्त्री राजेन्द्र गुरुङले बताए। समानुपातिक बन्दसूचीको गल्ती सच्याउने समय निर्वाचन आयोगले पुस २७ सम्मका लागि तोकेको छ। तोकिएको समयसीमाभित्र बन्द सूचीको काम फत्तेगरेर दलहरू प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार छनोटको काममा लाग्नेछन्। निर्वाचनका मुख्य सरोकारवाला राजनीतिक दलहरूलाई आयोग र सरकारले बोलाएर निर्वाचन तयारीका बारेमा छलफल गरिसकेको छ। आयोगले समयमै निर्वाचन गर्न सकिने प्रतिवेदन बुझाएपछि दलहरू उम्मेदवार छनोटलगायत तयारीका काममा जुटेका हुन्। नेपाली कांग्रेसले निर्वाचनकै नाममा पार्टीको महाधिवेशनसमेत सारेको छ। नेताहरूको एकल सिफारिस र प्राथमिकता हेर्दा कांग्रेस, एमाले र नेकपाले गत निर्वाचनमा चुनाव जितेका सांसद्लाई पुनः टिकट दिने खोजेको देखिन्छ। वैकल्पिक दल र समूहलाई ध्रुवीकरण गर्दै अघि बढेको रास्वपाले भने चर्चित अनुहार, अरू दलबाट विद्रोह गरेर आउने नेतालाई प्राथमिकतामा राखेको छ।

## एमालेमा...

एमालेले जनाएको छ। 'एमाले केन्द्रीय कमिटीको निर्देशनअनुसार जिल्ला र निर्वाचन क्षेत्रीय कमिटीहरूले धमाधम उम्मेदवार सिफारिस गरिरहेका छन्' एमाले सचिव महेश बस्नेतले भने, अहिलेसम्म आएका सिफारिसमा २६ निर्वाचन क्षेत्रबाट एकल नाम सिफारिस आएको छ। त्यसमा हेभीवेट नेताहरू हुनुहुन्छ।' पार्टी अध्यक्ष केपी शर्मा ओली झापा क्षेत्र नम्बर ५ बाट एकल सिफारिस भएका छन् भने उपाध्यक्ष विष्णु पौडेल रूपन्देही क्षेत्र नम्बर २ बाट एकल सिफारिस भएर आएका छन्। पौडेलको नाम पाल्पा २ बाट समेत सिफारिस भएको छ। त्यस्तै, महासचिव शंकर पोखरेल दाङ क्षेत्र नम्बर २, सचिव लेखराज भट्ट कैलाली क्षेत्र नम्बर ४ र सचिव महेश बस्नेत भक्तपुर क्षेत्र नम्बर २ बाट एकल सिफारिस भएका छन्। त्यस्तै, प्रदीप ज्ञवाली-गुल्मी क्षेत्र नम्बर १, ईश्वर पोखरेल काठमाडौं क्षेत्र नम्बर ५, गोकुल बास्कोटा काभ्रे क्षेत्र नम्बर २ बाट एकल सिफारिस भएका छन्। उम्मेदवार छनोट प्रक्रिया जारी रहेको एमालेले जनाएको छ। सिरहा क्षेत्र नम्बर ३ बाट लीलानाथ श्रेष्ठ, रौतहट क्षेत्र नम्बर १ बाट अजय गुप्ता, सर्लाही क्षेत्र नम्बर ३ बाट हरि उप्रेती, नवलपुर क्षेत्र नम्बर २ तिलक महत, गोरखा क्षेत्र नम्बर २ मिलन गुरुङ, इलाम क्षेत्र नम्बर २ बाटसुहाङ नेम्वाङलगायत २६ जनाको एकल सिफारिस आएको एमाले सचिवालयले जनाएको छ।

## कांग्रेसमा...

नाम डडेल्धुराबाट सिफारिस भएका छन्। देउवा २०४८ सालदेखि अहिलेसम्म भएका प्रतिनिधि सभा निर्वाचनमा डडेल्धुराबाट सधैं निर्वाचित नेता हुन्। त्यस्तै, कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नाम सुर्खेत क्षेत्र नम्बर १ बाट एकल सिफारिस भएको छ। उपसभापति धनराज गुरुङको नाम स्याङ्जा क्षेत्र नम्बर १ र २ बाट सिफारिस भएको छ। महामन्त्री गगन थापाको नाम चार जिल्लाबाट सिफारिस भएको छ। थापाको नाम काठमाडौं क्षेत्र नम्बर ४ बाट एकल सिफारिस भएको छ। त्यसबाहेक सर्लाही-४, रोल्पा र धनकुटाबाट पनि सिफारिस भएको हो। महामन्त्री विश्वप्रकाश शर्माको नाम झापा क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ एकल सिफारिस भएको छ। तर उनले निर्वाचन नलड्ने बताएका छन्। सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को मकवानपुर क्षेत्र नम्बर १ बाट महेन्द्र यादव धनुषा क्षेत्र नम्बर ४ बाट सिफारिस भएका छन्। त्यस्तै, सहमहामन्त्री भीष्मराज आङ्दम्बेको नाम पाँचथर, जीवन परियार कास्की क्षेत्र नम्बर १, किशोरसिंह राठोर बाँके क्षेत्र नम्बर ३, बद्री पाण्डेको बाजुराबाट सिफारिस भएका छन्। संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाको नाम मोरङ क्षेत्र नम्बर ६ बाट एकल सिफारिस भएको छ भने पूर्वमहामन्त्री प्रकाशमान सिंहको काठमाडौं क्षेत्र नम्बर १ बाट सिफारिस भएका छन्। यी सबै नेता विघटित प्रतिनिधि सभाका सदस्य हुन्।

## तङ्ग्रिंदै...

र क्षति पुगेको थियो। ती अदालतमा करिब ९ लाख ३३ हजार मुद्दाका मिसिल जलेर नष्ट भएको अदालतले जनाएको छ। अदालतका अनुसार, आगजनी र तोडफोड गरिएका सबै अदालतमा गरी चालुतर्फ ३० हजार ७ सय ५२ र अभिलेखतर्फ ९ लाख ३ हजार ७१ मिसिल गुमेको छ।

सर्वोच्चमा चालु अवस्थामा रहेका २४ हजार २ सय ३४ थानमध्ये २० हजार ३४ मुद्दाको मिसिल जलेका छन्। गत भदौ २४ मा सर्वोच्च अदालतमा भएको आगजनीका कारण जलेको ८ हजार आगजनीमा परेका चालु मुद्दामध्ये ४ हजार २ सय मिसिल सुरक्षित रहेको सर्वोच्च अदालतले जनाएको छ।

सर्वोच्चले कार्यविधि बनाएर मंसिर १ गतेदेखि सरोकारवालासँग मिसिल माग गरेको थियो। पक्षहरूलाई पुस मसान्तसम्मको समय दिइएको छ। जसअनुसार, हालसम्म ७ सय २५ थान मिसिल उक्त कार्यालयले बुझाएको छ। सहायक प्रवक्ता पाण्डेले जलेका मिसिल बुझाउन सर्वोच्चले पुस महिनाभरको समय दिएको जानकारी दिए। पेसीमा चढेका मुद्दामा पनि मिसिल जलेको हकमा मिसिल प्राप्तिको आदेश भइरहेको छ। हालसम्म प्राप्त भएका मिसिलमध्ये एक सय थान मुद्दामा पेसी चढेर सुनुवाइ भइसकेको अदालतले जनाएको छ। सर्वोच्चले 'विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरणसम्बन्धी निर्देशिका, २०८२' सार्वजनिक गरेको थियो। सोहीअनुसार अदालतले आफ्नो काम कारबाही अगाडि बढाएको छ।

## अभद्र...

भनिएको छ, 'नेपाली समाज विविधतामा एकताको उदाहरण हो। कुनै पनि किसिमका उत्तेजक गतिविधिले धार्मिक वा सामाजिक सद्भावमा आँच पुऱ्याउन नदिन सबै पक्ष सचेत र जिम्मेवार हुन आवश्यक छ।'

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह, थारु आयोगका कार्यवाहक अध्यक्ष सुवोधसिंह थारु, मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीलगायतले संयुक्त विज्ञप्ति निकालेर सबै धार्मिक सम्प्रदाय, समुदाय, राजनीतिक दल तथा नागरिक समाजलाई संयम अपनाउन र कानुनको परिधिभित्र रहेर अभिव्यक्ति तथा गतिविधि गर्न आग्रह गरेका हुन्। संयुक्त विज्ञप्तिमार्फत साथै, सामाजिक सञ्जालमार्फत फैलिने अपुष्ट सूचना र अफवाहप्रति सचेत रहनसमेत अनुरोध गरिएको छ। संयुक्त अपिलमा आयोगका पदाधिकारीहरूले आपसी संवाद, समझदारी र सहकार्यबाट मात्र सामाजिक एकता बलियो बन्ने उल्लेख गर्दै कुनै पनि प्रकारको विभाजनकारी सोच वा गतिविधिलाई प्रोत्साहन नदिन आग्रह गरेका छन्। स्थानीय प्रशासनलाई पनि नागरिकलाई शान्ति, सुव्यवस्था र सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न तथा कुनै समस्या देखिए कानुनी निकायमार्फत समाधान खोज्न अनुरोध गरिएको छ।

गृह मन्त्रालयले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतालाई आत्मसात् गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको सन्दर्भमा नागरिकको धार्मिक सहिष्णुता र स्वतन्त्रताको हकप्रति गृह मन्त्रालय सदैव सचेत रहेको भन्दै विज्ञप्ति निकालेको छ।

पछिल्लो समय तराई एवं मधेशका केही जिल्लामा धार्मिक सहिष्णुता तथा सद्भावमा गम्भीर असर पर्नेगरी केही व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरी कानुनले निषेध गरेका द्वेषपूर्ण एवं भ्रामक अभिव्यक्ति सार्वजनिक गरिएको भनेर त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। यस विषयमा सोमबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा विभिन्न समुदायहरूसँग समन्वयात्मक बैठक, केन्द्रीय सुरक्षा समितिको बैठक भएको छ। तराई एवं मधेसका २१ जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारी, केन्द्रमा रहेका सम्बद्ध आयोगका पदाधिकारीहरूसँग शान्ति सुरक्षा एवं धार्मिक सहिष्णुतालगायतका समसामयिक विषयमा छलफल भएको छ र सबैलाई गरी संयमता, सजमता र सतर्कता अपनाउन आग्रह गरिएको छ।

गृह मन्त्रालयका सह सचिव एवं प्रवक्ता आनन्द काफ्लेले विज्ञप्ति निकालेर भनेका छन्, 'पछिल्लो समय धनुषा जिल्लाका विभिन्न स्थानमा सामाजिक सञ्जाल दुरुपयोग गरी निश्चित समुदाय एवं धर्मलक्षित अवैधानिक गतिविधि गर्ने, आपसी सामाजिक सद्भावमा खलल पुऱ्याउने, अमर्यादित व्यवहार प्रदर्शन गर्ने, धार्मिक स्थलमा तोडफोड, आगजनी, लुटपाटजस्ता हिंसात्मक एवं सामाजिक द्वेष फैलाउने व्यक्ति तथा समूहलाई कानुनी दायरामा ल्याई कारबाहीको प्रक्रिया अगाडि बढाइएको बेहोरा जानकारी गराइन्छ।'विविध जातजाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, गाली बेइज्जत गर्ने, अपराध गर्ने दुरुत्साहन गर्ने एवं सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुनेजस्ता घृणाजन्य अभिव्यक्ति निरुत्साहित गर्ने नीति सरकारको छ। यस्ता अभिव्यक्ति र गतिविधिलाई दण्डनीय अपराधका रूपमा व्यवस्था गरेको उल्लेख गर्दै सरकारले जोकोही व्यक्ति तथा समूहले जहाँसुकै रहेर गराए पनि कानुनद्वारा वर्जित र दणनीय गतिविधिलाई कानुनी दायरामा ल्याउने सरकारको प्रतिबद्धता छ। विगतका पनि मधेशका केही जिल्लामा धार्मिक विषयलाई लिएर बेलाबेला विवाद, तनाव र दंगाका घटना भएका छन्। त्यस्ता घटना प्रायः अफवाह, सामाजिक सञ्जालमार्फत फैलिने अपुष्ट सूचना तथा उत्तेजक अभिव्यक्तिका कारण चर्किने गरेको सुरक्षा विश्लेषण छ।

## काउन्सेलर...

छानबिनले देखाएपछि उनलाई जिम्मेवारीबाट हटाएर फिर्ता बोलाइएको परराष्ट्र स्रोतले बताएको छ। दूतावासका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरी छानबिन गर्दा पौडेलले कन्सुलर सेवासँग सम्बन्धित कार्यमा गम्भीर लापरबाही र त्रुटि गरेको पाइएको बताइएको छ। पौडेल गत वर्ष कात्तिक ११ गते २ वर्ष कार्यकालका लागि नियुक्त भएका थिए।

कार्यक्षेत्रमा खटिनुअघि काउन्सेलर श्रम र श्रम सहचारीलाई देश र श्रमिकको हितका काममा बढी ध्यान दिन अभिमुखीकरण र निर्देशन हुने गरेको छ। तर श्रम गन्तव्य मुलुकमा खटिएका केही काउन्सेलर श्रम र श्रम सहचारीमाथि श्रमिकका गुनासा सम्बोधन गर्नुभन्दा नेपालका निश्चित म्यानपावर कम्पनीको प्रभावमा लागेर मागपत्र प्रमाणीकरणमा हेराफेरी गर्ने र श्रमिकको समस्यामा ध्यान नदिने गरेको गुनासो छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड २०७३ का आधारमा विदेशस्थित नेपाली कूटनीतिक नियोगमा रहने काउन्सेलर श्रम तथा श्रम सहचारीको नियुक्ति गर्ने गरेको छ। उक्त मापदण्डमा काउन्सेलर श्रम तथा श्रम सहचारी नियुक्तिका लागि आवेदकहरूको मूल्यांकन गरी सचिवसमक्ष सिफारिस गर्न मन्त्रालयको प्रशासन, नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख संयोजक, सचिवले तोकेका अन्य महाशाखाका प्रमुखहरू सदस्य र मन्त्रालयको प्रशासन शाखाका उपसचिव सदस्य सचिव रहने व्यवस्था छ। काउन्सेलर श्रम तथा श्रम सहचारी छनोटका लागि ज्येष्ठता र अनुभवको २० अंक, अंग्रेजी भाषा ज्ञानको १० अंक, विषय वस्तुको ज्ञान र प्रस्तुतीकरण र पावरप्वाइन्ट प्रस्तुतीकरणको ५-५ गरी १० अंक र सचिवको मूल्यांकन ५ अंक गरी जम्मा ४५ अंकको परीक्षा हुने गरेको छ।

ज्येष्ठता र अनुभव समान भएका अधिकृतहरूले परीक्षामा समान अंक ल्याउने भएपनि सचिवले मूल्यांकनको नाममा दिने ५ अंक छनोट र नियुक्तिका लागि निर्णायक हुने गरेको छ। योग्य काउन्सेलर श्रम र श्रम सहचारी पठाउन मापदण्डमा रहेको सचिवले तजबिजी, निकटता वा लेनदेनका आधारमा दिने मूल्यांकन बापतको ५ अंक हटाउनुपर्ने र हालको दुई वर्षे कार्यकाल पनि परिवर्तन गरेर परराष्ट्र मन्त्रालय कर्मचारी सरह कार्यकाल हुनुपर्ने कतिपयको माग छ।

दुई वर्षका लागि जानेहरूलाई केही महिना कूटनैतिक अभ्यास, सम्बन्धित मुलुकको कार्य प्रणाली, भाषा, धर्म संस्कृतिलगायतका विषय सिक्न समय लाग्ने भएकाले परराष्ट्र मन्त्रालय कर्मचारी सरह कार्यअवधि भएको अवस्थामा केही प्रभावकारी काम गर्न सक्ने भनाइ कतिपय काउन्सेलर श्रम तथा श्रम सहचारीहरूको छ। वैदेशिक रोजगार ऐनमा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने प्रावधान छ। तर ५ हजार बढी नेपाली कामदार रहेका धेरै मुलुकमा श्रम सहचारी नियुक्त गरिएको छैन।

## संघद्वारा...

सफलताको शुभकामना व्यक्त गर्न सोमबार संघका अध्यक्ष भुवनसिंह गुरुङको नेतृत्वमा मन्त्रालय गएको प्रतिनिधिमण्डलले उक्त ध्यानाकर्षण गराएको हो।

सचिव काफ्लेलाई बुझाएको ध्यानाकर्षण पत्रमा संघले मुलुकले प्राप्त गर्ने रेमिट्यान्सलाई निरन्तरता दिन वैदेशिक रोजगार व्यवसाय, व्यवसायी र कामदारको समस्या सामाधान हुनुपर्ने माग गरेको छ।

संघले जेनजी आन्दोलनपछि रोकिएको युएई भिसा प्रक्रिया पुनः सुचारु भएसँगै नेपाल सरकारले जारी गरेको क्युआर कोडसहितको पिपिसीलाई कन्सुलर विभागबाट समेत प्रमाणीकरण गरेपछि भिसा जारी हुँदै आएकोमा गत ४ डिसेम्बरपछि कुनै औपचारिक जानकारीबिना नेपालस्थित युएई दूतावास समेतबाट प्रमाणीकरण गराउनुपर्ने व्यवस्था गरिएका कारण भिसा प्रक्रिया समस्यामा रहेको बताएको छ। त्यसले युएईको वैदेशिक रोजगारीमा अत्यन्तै गम्भीर र नकारात्मक असर परेको संघको भनाइ छ। आर्थिक रूपमा कमजोर नेपाली श्रमिकहरूलाई प्रहरी रिपोर्ट प्रमाणीकरण गराउँदा १४ हजार २ सय अतिरिक्त शुल्क तिर्न बाध्य बनाइएको भन्दै संघले गत वर्ष युएई गएको तथ्यांकले २ अर्ब ५१ करोड ३४ लाख नेपाली रुपैयाँ बिदेसिएको दाबी गर्दै तत्कालै युएई सरकार वा सम्बन्धित निकायसँग उच्चस्तरीय कूटनीतिक पहल गरी समस्याको समाधान गरिनुपर्ने माग गरेको कार्यवाहक महासचिव कुन्छादोर्जे दिमदोङले जानकारी दिए।

त्यस्तै संघले युरोपका विभिन्न देशबाट कामदारको मागपत्र प्राप्त भएको, तर मागपत्र प्रमाणीकरण नहुँदा संस्थागत रूपमा कामदार पठाउन नपाउँदा बिचौलियाहरूले नेपाली कामदार युएईलगायत तेस्रो मुलकबाट पठाएर ठगी गर्नुका साथै जोखिममा पारेकाले मागपत्र प्रमाणीकरण निर्देशिकामा संशोधन गरी समस्या समाधान गर्न पनि माग गरेको छ।

जवाफमा सचिव काफ्लेले संघका माग जायज रहेको भन्दै संघले उठाएका समस्याको समाधानका लागि सम्बन्धित निकायमा पहल गर्ने प्रतिबद्धता जनाएका छन्। संघको प्रतिनिधिमण्डलमा संघ कार्यसमिति पदाधिकारी तथा सदस्यहरू सहभागी रहेका थिए।


### अधिकतम खुद्रा मूल्य प्रकाशन सूचना

डि. एस. इन्फ्रा प्रा. लि. ले चाइनाबाट पैठारी गरेको निम्न बस्तुको अधिकतम खुद्रा मूल्य (MRP) निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सी. न | मालबस्तुहरु | आकार /प्रकार | ब्राण्ड | मोडेल | क्षमता | इकाई | अधिकतम खुद्रा बिक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Commercial | AC | CHM-12N2 | 10 ton | Nos | 577,900.00 | |
| 2 | Air Conditioner | Commercial | AC | CHM-8.0N2 | 6 ton | Nos | 412,500.00 | |
| 3 | Air Conditioner | Commercial | AC | HCWA10NEGQ | | Nos | 11,600.00 | |
| 4 | Air Conditioner | Commercial | AC | RCI-1.0FSKDN1Q | 0.8 ton | Nos | 64,500.00 | |
| 5 | Air Conditioner | Commercial | AC | M-692XNQ | | Nos | 37,500.00 | |

| सी. न | मालबस्तुहरु | आकार /प्रकार | ब्राण्ड | मोडेल | क्षमता | इकाई | अधिकतम खुद्रा बिक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Commercial | AC | RCI-2.0FSKDN1Q | 1.6 Ton | Nos | 69,100.00 | |
| 2 | Air Conditioner | Commercial | AC | RCI-2.5FSKDN1Q | 2 ton | Nos | 78,300.00 | |
| 3 | Air Conditioner | Commercial | AC | P-N23NA2 | | Nos | 14,300.00 | |
| 4 | Air Conditioner | Commercial | AC | CHM-12N2 | | Nos | 577,000.00 | |
| 5 | Air Conditioner | Commercial | AC | CHM-8.0N2 | | Nos | 411,600.00 | |
| 6 | Air Conditioner | Commercial | AC | RPI-8.0FSNQ | 6 ton | Nos | 184,100.00 | |
| 7 | Air Conditioner | Commercial | AC | RPIH-4.0HNAUN1Q | 3.2 ton | Nos | 86,100.00 | |
| 8 | Air Conditioner | Commercial | AC | RPIL-1.0HNAUN1Q | 0.8 ton | Nos | 54,800.00 | |
| 9 | Air Conditioner | Commercial | AC | RPIL-1.3HNAUN1Q | 1 ton | Nos | 59,600.00 | |
| 10 | Air Conditioner | Commercial | AC | RPIM-1.8HNAUN1Q | 1.4 ton | Nos | 61,300.00 | |
| 11 | Air Conditioner | Commercial | AC | RPIM-2.0HNAUN1Q | 1.6 ton | Nos | 61,300.00 | |
| 12 | Air Conditioner | Commercial | AC | RPIM-2.3HNAUN1Q | 1.8 ton | Nos | 63,300.00 | |
| 13 | Air Conditioner | Commercial | AC | RAS-14HNBCMQ | 11 ton | Nos | 890,000.00 | |
| 14 | Air Conditioner | Commercial | AC | RAS-16RNBCLQ | 13 ton | Nos | 1,221,000.00 | |
| 15 | Air Conditioner | Commercial | AC | RAS-20RNBCLQ | 16 ton | Nos | 1,478,500.00 | |
| 16 | Air Conditioner | Commercial | AC | RAS-22RNBCLQ | 18 ton | Nos | 1,686,300.00 | |
| 17 | Air Conditioner | Commercial | AC | M-46SNQ | | Nos | 28,600.00 | |

| सी. न | मालबस्तुहरु | आकार /प्रकार | ब्राण्ड | मोडेल | क्षमता | इकाई | अधिकतम खुद्रा बिक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Commercial | AC | RCI-1.5FSKDN1Q | 1.2 ton | Nos | 62,600 | |
| 2 | Air Conditioner | Commercial | AC | RCI-2.0FSKDN1Q | 1.6 ton | Nos | 60,200 | |
| 3 | Air Conditioner | Commercial | AC | DUPI-131Q | | Nos | 4,200 | |
| 4 | Air Conditioner | Commercial | AC | DUPI-15H2Q | | Nos | 5,700 | |
| 5 | Air Conditioner | Commercial | AC | DUPI-361Q | | Nos | 4,200 | |
| 6 | Air Conditioner | Commercial | AC | RPIL-2.0HNAUN1Q | 1.6 ton | Nos | 61,700 | |
| 7 | Air Conditioner | Commercial | AC | RPIL-3.0HNAUN1Q | 2.4 ton | Nos | 82,100 | |
| 8 | Air Conditioner | Commercial | AC | DXF-20.0A1 | | Nos | 49,500 | |
| 9 | Air Conditioner | Commercial | AC | KW-PP10Q | | Nos | 6,300 | |
| 10 | Air Conditioner | Commercial | AC | KW-PP7Q | | Nos | 4800 | |
| 11 | Air Conditioner | Commercial | AC | KW-PP8Q | | Nos | 5,700 | |
| 12 | Air Conditioner | Commercial | AC | KW-PP9Q | | Nos | 6,300 | |
| 13 | Air Conditioner | Commercial | AC | E-102SN | | Nos | 6,000 | |
| 14 | Air Conditioner | Commercial | AC | E-162SN | | Nos | 7,200 | |
| 15 | Air Conditioner | Commercial | AC | E-242SN | | Nos | 9,800 | |
| 16 | Air Conditioner | Commercial | AC | E-302SN | | Nos | 14,600 | |
| 17 | Air Conditioner | Commercial | AC | E-462SN | | Nos | 33,200 | |
| 18 | Air Conditioner | Commercial | AC | M-30SNQ | | Nos | 18,100 | |
| 19 | Air Conditioner | Commercial | AC | RAS-16HNBCMQ | 13 ton | Nos | 7,78,900 | |
| 20 | Air Conditioner | Commercial | AC | RAS-22HNBCMQ | 18 ton | Nos | 12,78,500 | |
| 21 | Air Conditioner | Commercial | AC | RAS-12RNBCLQ | 10 ton | Nos | 7,99,000 | |
| 22 | Air Conditioner | Commercial | AC | RAS-14RNBCLQ | 11 ton | Nos | 9,70,600 | |
| 23 | Air Conditioner | Commercial | AC | RAS-16RNBCLQ | 13 ton | Nos | 10,63,700 | |
| 24 | Air Conditioner | Commercial | AC | RAS-20RNBCLQ | 16 ton | Nos | 12,88,000 | |
| 25 | Air Conditioner | Commercial | AC | RPIH-5.0HNAUN1Q | 4 ton | Nos | 89,000 | |
| 26 | Air Conditioner | Commercial | AC | RPIH-6.0HNAUN1Q | 5 ton | Nos | 85,700 | |

डि.एस. इन्फ्रा प्रा. लि. एक्जीम कोड नं ६०४३१०९८३०१९२ NP ठेगाना: चाकुपाट–११, ललितपुर सम्पर्क नं. ९८५११३६७८६


### बागमती प्रदेश सरकार
### खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय
### खानेपानी तथा सरसफाई डिभिजन नं. १
मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८२/०९/२२

यस कार्यालयको तर्फबाट मिति २०८२/०८/१६ मा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि E-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २, ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | Supply and Delivery of HDPE pipes (PE 100 series and NS40: 2079 compliance) Chitwan | GOODS/NCB/01/082/83/ WSSD1/Makawanpur | Chitwan Polypipe Industries, Bharatpur Chitwan | 94,85,136.38 |
| 2 | Supply and Delivery of HDPE pipes (PE 100 series and NS40: 2079 compliance) Chitwan | GOODS/NCB/02/082/83/ WSSD1/Makawanpur | Crystal Product Pvt.Ltd, Hetauda Makawanpur | 83,58,752.38 |

Division Chief


### बहराइनमा रोजगार

कम्पनी: AHMED MOHAMMED JASSIM CONSTRUCTION CO. शहर: BAHRAIN
पूर्व स्वीकृत मिति : २०८२/०८/२५ चलानी नं.: ६०२४८७१४ L.T. No.: 335031 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (Nepal) | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४५,७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Labour | 50 | 0 | | 100 | ३८,१०६ | | | | | | | |
| 3. | Scaffolder | 10 | 0 | | 120 | ४५,७२७ | | | | | | | |
| 4. | Shuttering Carpenter | 10 | 0 | | 120 | ४५,७२७ | | | | | | | |
| 5. | Steal Fixer | 10 | 0 | | 120 | ४५,७२७ | | | | | | | |

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष २९ गते (13 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Janashakti International Services Pvt. Ltd. Gov. Lic. No. 999/068/69
Basundhara-3, Kathmandu, Nepal, Tel.: +977-1-4964020, Mobile : 9841127124, 9851093031, 9801107472, 9846736793, 9851197061, 9844661381, 9709052037, 9709092089, Jhapa Branch 023591265, 9815005930, Pokhara Branch No: 9846702764. Email: info@jisnepal.com, Website: www.janashaktiintl.com

### साउदीमा रोजगार

कम्पनी : AEHAM SALEH AL -NAHDI CONTRACTING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/२० चलानी नं: ६०२५०१७७ L.T. No.: 336508

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCKS DRIVER | 8 | 0 | स. काममा दक्ष | 1900 | ७२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GENX ASSOCIATES (P) LTD. Tel:- +977-01-5912992 | +977-01-5912993 Govt. License No.
Maharajgunj 04 Kathmandu Nepal. Cell: 9801094755 | 9801094757 | 9801094757 554/062/063

### जापानमा रोजगार

कम्पनिको नाम: Cooperative Neutral Plan, Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : 2025/12/24, लट नं.: 335888, चलानी नं.: 60249858

| SN | कामदारको पद | माग संख्या | मासिक तलब YEN | मासिक तलब NPR | न्यूनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Form Worker/ Construction Work | पुरुष २ जना | 181,400 YEN | 167,337 NPR | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | कामदार आफै | नि:शुल्क |

कम्पनिको नाम र ठेगाना : Mirai Plus Corporative Japan, Osaka Prefecture, Japan पूर्व स्विकृती मिति : 2026/01/01, लट नं.: 336379 चलानी नं.: 60249964

| SN | कामदारको पद | माग संख्या | मासिक तलब YEN | मासिक तलब NPR | न्यूनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Industrial Packaging | पुरुष २ जना | 178,420 YEN | 164,588 NPR | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | कामदार आफै | नि:शुल्क |

कम्पनिको नाम र ठेगाना : KEN Cooperative, Hyogo Prefecture, Japan पूर्व स्विकृती मिति : 2025/12/02, लट नं.: 334573, चलानी नं.: 60249600

| SN | कामदारको पद | माग संख्या | मासिक तलब YEN | मासिक तलब NPR | न्यूनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | पुरुष १ जना | 184,690 YEN | 170372 NPR | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | कामदार आफै | नि:शुल्क |

सबै कम्पनिको अन्तर्वार्ता मिति २०८२ पौष २९ गते गते यस प्रा. लि. मा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL
LIC NO.: 17/047/048
Good Life International Employment Agency Nepal Pvt. Ltd.
Kathmandu-26, Samakhushi, Nepal, Tel. No.: 01-4979100, 01-4979101, Mob: 9851056076
9816909265, 9851092503, 9808811102 | E-mail: info@goodlifenepal.com

# ‘निर्वाचन नै मुलुकलाई निकास दिने माध्यम’

**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले मुलुकले निर्वाचनमार्फत नै निकास पाउने बताएका छन् ।

सोमबार राष्ट्रिय सभा गृहमा आयोजित रास्वपाको राजनीतिक समायोजन घोषणा सभामा उनले समयमै निर्वाचन सम्पन्न गरी वर्तमान समस्यको निकास दिन सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए ।

उनले मुलुकलाई निर्वाचनतर्फ लैजान सबै पक्षलाई आग्रह गर्दै बिथोल्ने प्रयास नगर्न चेतावनीसमेत दिए । ‘चुनाव सर्छ कि, हुँदैन कि भन्ने अन्योल सिर्जना गर्ने काम नगर्नुहोस् । निर्वाचन नै मुलुकलाई निकास दिने माध्यम हो,’ सभापति लामिछानेले भने, ‘देशले सुनौलो भविष्य कोर्न लागेको बेला अवरोध गर्ने होइन ।’

उनले नयाँ पुस्ताको राजनीतिमा प्रवेशले देशमा सकारात्मक ऊर्जा थपिएको उल्लेख गर्दै रास्वपासँग



जोडिएका काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाहको उदयले युवाहरूमा राजनीतिप्रतिको चासो बढाएको बताए । सभापति लामिछानेले यो इतिहासको संवेदनशील मोडमा देशले राम्रो इतिहास लेख्न लागेको धारणा व्यक्त गरे । उनले थरुहट/थारुवान आन्दोलनलाई पार्टीले आत्मसात् गर्ने र त्यसप्रति जिम्मेवारी लिने प्रतिबद्धतासमेत व्यक्त गरे ।

# घरदैलोमै सरकारको अनुभूति दिलाउँदै छत्रदेव गाउँपालिका

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ पुस



अर्घाखाँचीको छत्रदेव गाउँपालिका चार वर्षअघि कार्यसम्पादन मूल्यांकनमा देशकै सर्वकृष्ट नतिजा प्राप्त गर्दै नेपालको तृतीय उत्कृष्ट गाउँपालिका घोषित भएको थियो । गाउँपालिकाले प्राप्त गरेको सो विरासतलाई जोगाइराख्न अहिले सोहीअनुसार विकास निर्माणका कामहरू जनप्रतिनिधि र कर्मचारीहरूले निरन्तरता दिँदै आएका छन् ।

सिंहदरबारको अधिकार गाउँमा पुऱ्याउने स्पष्ट नीति अनुसार गाउँपालिकाले नागरिकमैत्री काम अन्तर्गत पुस २२ गते वडा नम्बर ८ को कार्यालय, २३ गते वडा नम्बर ३ को कार्यालय, २४ गते वडा नम्बर २ को कार्यालय र २५ गते वडा नम्बर १ को कार्यालयमा नागरिकमैत्री घुम्ती सेवा सञ्चालन गरी नागरिकलाई घरदैलोमै सेवा दिने तयारी गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले जानकारी दिए ।

जनताले स्पष्ट देख्ने र बुझ्ने गरी गाउँपालिकाले काम गर्ने नीतिअनुसार अहिले ग्रामीण अल्ट्रासाउन्ड सेवा अन्तर्गत सुत्केरी हुने गर्भवती महिलाहरूको भिडियो एक्स-रे सेवा वडामै पुगेर निरन्तर दिइँदै आएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बुद्धिराम न्यौपानेले बताए ।

गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी छत्रदेववासी नागरिकहरूको स्वास्थ्य, शिक्षा, रोजगार र मुस्कानसहितको सेवाप्रति संवेदनशील बन्दै गएको छत्रदेव-४ का स्थानीय भानु पराजुलीले बताए ।

पालिकाभित्र सेवा प्रवाह तथा विकास निर्माणका काम द्रुतगतिमा अगाडि बढाउँदै नागरिकहरूको स्वास्थ्य, शिक्षा र रोजगारमा समेत संवेदनशील हुँदै नागरिकको दैलोमै सरकार सधैं उत्तरदायी छ भन्ने जनविश्वास दिलाउन विभिन्न खालका रचनात्मक कामहरू सञ्चालन गर्दै आएको गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए ।

नागरिकहरूको स्वास्थ्यलाई विशेष केन्द्रमा राख्दै सबै वडाका जनतालाई विशेषज्ञ स्वास्थ्य सेवा दिने उद्देश्यले प्रत्येक वर्ष निःशुल्क विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छत्रदेव गाउँपालिकाले हाल गर्भवती महिलाहरूको भिडियो एक्स-रे सेवा गाउँटोलमै पुगेर सञ्चालन गर्दै आएको छ । साथै अधिकांश स्थानमा सडक पिच गर्ने, बजार क्षेत्रमा सडक बत्ती जडान गरी झिलिमिली बनाउने, हाईमास्ट लाइट जडान गर्ने प्रक्रिया अघि बढाउने, चोरी नियन्त्रणका लागि चोक-चोकमा सिसिटिभी जडान गर्ने, वडा कार्यालयका भवनहरू धमाधम निर्माण गर्ने, स्वास्थ्य चौकी निर्माण गर्ने जस्ता जनचाहनाअनुसारका कामहरू भइरहेको प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले जानकारी दिए ।

त्यसैगरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, गाउँका साना बजार क्षेत्रका सडक चौडा पार्ने, पर्यटकीय क्षेत्रको संरक्षण गर्ने, किसानलाई उत्पादनको आधारमा अनुदान दिने, विभिन्न प्रकारका सिपमूलक तालिम प्रदान गर्ने, महिला, जनजाति, आदिवासी, अपाङ्ग र जेष्ठ नागरिकलाई घरमै पुगेर सेवा दिने, गाउँपालिकाभित्र हरियाली बढाउने तथा सबै वडामा एकरूपताका साथ विकास गर्ने कामहरू भइरहेको जनाइएको छ । छत्रदेव गाउँपालिकाका सबै वडामा सञ्चालन गरिएका विभिन्न प्रकारका सिपमूलक तालिम, दलित विशेष, महिला, बालबालिका विशेष, जनजाति, पिछडिएको वर्गका लागि तालिम, युवा तथा किशोर-किशोरी तालिम, कृषि, भेटेरिनरी तथा पशु विशेष कार्यक्रमहरूबाट हजारौं छत्रदेववासीले सेवा लिन सफल भएको गाउँपालिका अध्यक्ष श्रेष्ठले बताए ।

छत्रदेवले वडाका जेष्ठ नागरिकलाई घर-घरमा पुगेर सेवा प्रदान गर्दै आएको छ । उनीहरूको सुरक्षा भत्ता कार्ड नवीकरण, ब्लांकेट वितरण, हर्लिक्स वितरण, अपांग परिचयपत्रसमेत घरमै पुऱ्याइदिने कार्य गरिएको छ । साथै ८ वटै वडामा एकीकृत घुम्ती शिविर सञ्चालन गरी योजना सम्झौता, जेष्ठ नागरिक परिचयपत्र तथा अपांग परिचयपत्र वितरणजस्ता महत्वपूर्ण काम भएपछि छत्रदेववासी खुसी भएको प्रशासन प्रमुख शिव बर्माले बताए ।


## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०९/२२**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०८/१९ गत्ते विद्युतीय माध्यम (E BIDDING) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायका बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मुल्यांकन समितिको मिति २०८२/०९/२१ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मूल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/GOODS/NCB/05/2082/83 | Procurement and Supply of Digital Smart Board and Biometric Attendance Device | पालिका एडभरटाइजिङ एंड सप्लाएर्स, काठमाडौं | २८,०४,३२१/०० |

**प्रमुख प्रशासकिय अधिकृत**

## Mikwakhola Rural Municipality
## Office of the Rural Municipal Executive
**Thalang, Taplejung**
**Koshi Province**

**Invitation for Online Bids**

**First Date of publication: -2082/09/22 (6th Jan 2026)**

1. Mikwakhola Rural Municipality, Thalang, Taplejung invites electronic bids from Nepalese eligible bidders under National Competitive Biddings Single State Single Envelope Bidding Procedures Specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| SN | Description of Works | Contract Identification No. | Total Estimated amount included Vat & P.S. | Bid Security Amount (NRS) | Bid Document Fee (NRS) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Works of Beshigaun Adharbhut Bidhyalaya Bhawan Nirman | MKRM/NCB Works/Building/03/2082-083 | 72,27,244.07 | 2,06,000.00 | 3,000.00 | 2026-02-8, Before Noon 12:00 | 2026- 02-8 Noon, 13:00 | 90 Days |

Note: Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the biddings documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of biddings document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank: Name of Office: Mikwakhola Rural Municipality, Taplejung.

Bid Document Fee Deposited by:
Name of the Bank: Prabhu Bank Ltd.
Name of Office: Mikwakhola Rural Municipality, Taplejung
Office Code no: 1125401
Office Account no: 2897088324800028
Rajaswa (revenue) Shirshak no: 14229
Bid Security Fee Deposited by:
Bank Name: Prabhu Bank Ltd. Bank Address: Mikwakhola Rural Municipality, Thalang, Taplejung
Account Name: Mikwakhola Rural Municipality
Account Number: 2897088324800148

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mikwakhola Rural Municipality, Thalang, Taplejung, Facsimile no: 9844652150 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सुरी, दोलखा

**विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रकाशित मिति २०८२/०९/२२

तपसिलमा उल्लेखित कार्य विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी खानेपानी आयोजना तथा सडक निर्माण गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०८२/१०/२२ गते दिनको १२:०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत खरिद प्रकृयामा सहभागी हुन यो बोलपत्र आव्हान गरिएको छ ।थप जानकारीको लागि PPMO को website हेर्नुहुन अनुरोध छ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रु (मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|
| 10/GRM/NCB/Works/W.S/2082-83 | काशिका नक्पा खानेपानी योजना निर्माण गौरीशंकर-५, सुरी, दोलखा। | २४,९४,५२६।९६ | ७०,०००।०० | ३,०००।०० |
| 11/GRM/NCB/Works/W.S/2082-83 | वडा स्तरीय खानेपानी आयोजना निर्माण वडा नं. ६, चंखु, दोलखा। | २४,३६,०८५।९५ | ७०,०००।०० | ३,०००।०० |
| 12/GRM/NCB/Works/R/2082-83 | घट्टेपु हुदै लहरेमाने जोड्ने सडक स्तरोन्नती, वडा नं. ४, झ्याकु, दोलखा। | ३८,९७,८४५।२२ | ९०,०००।०० | ३,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

## लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अत्तरपुर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/०९/२२ गते**

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत यस कार्यालयमा रिक्त देहायको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त फाराम रितपूर्वक भरी गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | २/०८२-८३ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं | १ | १५०० |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** लोक सेवा आयोगले रा.प. तृतीय श्रेणीका लागि लिने कम्प्युटर इन्जिनियर, कम्प्युटर अधिकृत वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इन्जिनियर पदको न्यूनतम योग्यता वा मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहका विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक ( BIT, BIM, BBIS, BCA, BCIS, BSc.CSIT, BSc.IT, BEIT, BICTE, BICT, B.ed.ICT, BITM, BE.Electronics and Communication Engineering वा B.Tech. Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको हुनु पर्नेछ ।
**२. दरखास्त दिने अन्तिम मितिः** २०८२/१०/०६ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट)
**३. उमेरको हदः** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिलाको हकमा ४० वर्ष ननाघेको ।
**४. दरखास्त दस्तुर बुझाउने स्थानः** गाउँ कार्यपालिकाको कार्यालय, राजश्व शाखा ।
**५. परीक्षाको किसिमः** लिखित परीक्षा, प्रयोगात्मक र अन्तर्वाता । परीक्षा मिति पालिकाको वेवसाइटमा प्रकाशित गरिनेछ ।
**६. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि ।
क. नेपाली नागरिकता ।
ख. शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र ।
ग. अनुभवको प्रमाण पत्र (भएमा) ।
घ. पासपोर्ट साइजको फोटो ३ वटा ।
**७. सेवा सुविधाः** करार सम्झौता बमोजिम ।
**८. सेवा करार अवधिः** २०८३ असार मसान्त सम्म ।
**पुनश्चः** दरखास्त फाराम र स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन कार्यविधि-२०८२ गाउँपालिकाको वेवसाइट www.lisankhupakharmun.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# उक्साहट होइन, संयम रोजौं

मधेस प्रदेशका केही जिल्लाहरू अहिले तनावपूर्ण अवस्थाबाट गुज्रिरहेका छन् । धर्म र संस्कृतिलाई लक्षित गरी सामाजिक सञ्जालमा गरिएको एउटा अभद्र टिप्पणीले धनुषा, पर्सालगायतका क्षेत्रमा प्रदर्शन र अशान्ति निम्त्याएको छ । वीरगन्जमा कर्फ्यु लगाउनुपरेको छ भने मधेसका आठवटै जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ । एउटा व्यक्तिको गैरजिम्मेवार अभिव्यक्तिले सिंगो समाजलाई असहज बनाइदिएको छ । प्रहरीका अनुसार टिकटकमा पोस्ट गरिएको उक्त भिडियोपछि फैलिएको अफवाहमा स्वार्थ समूह मिसिँदा तनावको स्थिति उत्पन्न भएको हो । अराजक समूहहरूले घटनालाई गलत रूपमा व्याख्या गरे । परिणामस्वरूप धार्मिकस्थलमा आक्रमणसम्मको अवस्था आयो । यस्ता घटनाले सामाजिक सञ्जाल आज सूचनाको सहज माध्यम मात्र होइन, द्वेष र उत्तेजनाको माध्यम पनि बन्न सक्छ भन्ने देखाएको छ । सत्य पुष्टि नगरेरै फैलाइने सूचना समाजका लागि कति खतरनाक हुन सक्छ ? भन्ने उदाहरण पनि पर्साको घटना बन्न पुगेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुक हो । यही विविधता हाम्रो पहिचान र शक्ति हो । तर पछिल्लो समय यही विविधतालाई कमजोर बनाउने प्रयास बढ्दै गएका छन् । विगतमा पनि मधेसका केही जिल्लामा धार्मिक विषयलाई लिएर विवाद र दंगा भएका छन् । प्रायः यस्ता घटना अफवाह र उत्तेजक अभिव्यक्तिबाटै चर्किएका छन् ।

पछिल्लो घटनामा सरकारले दोषीलाई कानुनी दायरामा ल्याउने प्रक्रिया अघि बढाएको छ । गृह मन्त्रालयले घृणाजन्य अभिव्यक्ति र हिंसात्मक गतिविधिलाई दण्डनीय अपराधका रूपमा कारबाही गर्ने प्रतिबद्धता जनाएको छ । यो स्वागतयोग्य कदम हो । तर कानुनी कारबाहीसँगै सामाजिक जिम्मेवारी पनि उत्तिकै आवश्यक छ । कानुनले अपराध रोक्न सक्छ तर आपसी सद्भाव, एकता र भाइचारा बढाउन सक्दैन । त्यसका लागि समुदाय नै जागरूक हुनुपर्छ । संयम, सहिष्णुता र आपसी संवादमा जोड दिनु आजको आवश्यकता हो । यस्तो संवेदनशील अवस्थामा धार्मिक अगुवा, राजनीतिक दल, नागरिक समाज र सञ्चारमाध्यम सबैले जिम्मेवार भूमिका खेल्नुपर्छ । अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो तर सामाजिक सञ्जालको दुरूपयोग गर्दै यसलाई घृणा फैलाउने माध्यम बन्न कदापि दिनुहुँदैन । त्यसका लागि पनि सर्वसाधारण तहमै अफवाहलाई अस्वीकार गर्ने संस्कारको विकास गर्न जरुरी छ । हामीले सामाजिक सञ्जालमा राखेका सामाग्री र व्यक्त विचारले समाजलाई नै हानि पुऱ्याउनुहुँदैन । मधेशको अहिलेको अशान्ति केही जिल्लाको मात्र विषय होइन । यो सिंगो देशको सामाजिक एकताको प्रश्न हो । अतः उक्साहट होइन, संयम रोज्नु नै अहिलेको सही बाटो हो ।

# नागरिक विद्रोह र खोजिएको परिवर्तन

*जनता केवल दर्शक–श्रोता मात्र छैनन्, उनीहरूले आफ्नो भूमिका बुझिसकेका छन् । जनताले सक्रिय, सबल, स्वतन्त्र राज्यसत्ताको कल्पना गरेका छन्, जसले विकसित र सबल राष्ट्र निर्माण गर्न सकोस् ।*

**अग्रलेख**




● प्रा.डा. टंकनाथ धमला

विन-विनको सहकार्यभन्दा पनि नेपाली राजनीतिमा असहमति र असहिष्णुताको बीजारोपण ऐतिहासिक रूपमै हावी भयो । भण्डारखाल र कोत पर्वहरू अगाडिदेखि नै राणाकाल र २०१७-२०३७ बीचको राजनीतिमा विभिन्न शक्ति, गुट, घरानिया र दरबारिया तीव्र सत्ता संघर्ष चल्दा राजनीतिक द्वन्द्वपूर्ण थियो । २०३६ सालमा सुधारिएको पञ्चायत र बहुदलीय व्यवस्थाबीच जनमतसंग्रह भयो । तिनकै साझा संघर्षको कारण २०४६ मा संवैधानिक राजसंस्थासहित बहुदलीय व्यवस्थाको बाटो खुल्यो । कांग्रेस-कम्युनिस्टहरूले पञ्चायतकालीन व्याप्त निरासा र आर्थिक-सामाजिक अकुशलतालाई टेकेर यसमा सफलता पाए ।

त्यतिबेला नेताप्रति जनता पूर्ण विश्वस्त थिए । अब विकासको मूल पलायो, समृद्ध नेपालको निर्माण हुनेछ, जनपक्षीय शासन जनताकै हितका खातिर जनताबाटै सञ्चालन हुनेछ, आर्थिक-सामाजिक समानताको न्याय सबैलाई प्राप्त हुनेछ र नेपाल एक सम्पन्न र सुन्दर मुलुक बन्नेछ भन्ने अपेक्षा थियो । तर दलहरूबिचकै चरम सत्ता संघर्ष, आन्तरिक कलह, अविश्वास र पार्टी विभाजनले जनअसन्तुष्टि बढाउँदै जाँदा २०५२ तिरबाट माओवादी जनयुद्ध सुरु भयो । २०५८ को दरबार हत्याकाण्डमा राजा वीरेन्द्रसहित राजपरिवारको मृत्यु भई राजा ज्ञानेन्द्र गद्दीमा आए । उनले २०६२ देखि प्रत्यक्ष शासन चलाए । तर २०६२-०६३ जनआन्दोलनपछि २०६५ मा राजतन्त्र अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरियो । २०७२ मा हालको संविधान लागू भयो ।

तर व्यवस्था परिवर्तनको छोटो समयमै असन्तुष्टि बढ्न थाल्यो । पुनः राजनीतिक र आर्थिक प्रणालीलाई परिवर्तनको दिशामा धकेल्नु पर्छ भन्ने भावना नयाँ पुस्तामा जबर्जस्त पलायो । भाद्र २३ को युवा बलिदान र भाद्र २४ को विनाशकारी विध्वंसपछि संसद् विघटन भई २६ भाद्रमा अन्तरिम सरकार गठन हुने अवस्था बन्यो । देख्दा यसका मूल कारण भने विगतमा विद्यमान संकीर्ण राजनीतिक संस्कार, भ्रष्टाचार र कुशासन नै हुन् । आत्मकेन्द्रित, अहंकारी, असक्षम चाकरीवादी-अवसरवादीको घेराबन्दीमा हुर्कने र डुब्ने भ्रष्ट व्यवस्था, चाहे निरंकुश होस् वा लोकतान्त्रिक, पूर्णतः कुनै अर्थ राख्दैन, बरु केवल जनताको निराशा, त्रास र विनाशको स्रोतबाहेक केही हुन सक्दैन भन्ने सिद्धान्त उर्द्धत भयो ।

यसैबीच, उदाउँदै गएको वैकल्पिक विचार पनि विकास भयो । समाज परिवर्तनमा यस्तो हुनु राजनीतिक दृष्टिले अझ विकसित, सुसंस्कृत र उत्कृष्ट समाज रूपान्तरणका लागि स्वागतयोग्य हो । यसले पनि समाजलाई नजिकबाट निगरानी गर्दै नेपाललाई गहिरोसँग बुझ्नुपर्नेछ । यो होसियारी पनि गर्नुपर्छ कि आफूभित्र कस्तो शक्ति, किन, कुन प्रेरणा र प्रतिबद्धतासाथ प्रवेश गर्दैछ र विकसित हुँदैछ । मुलुक निर्माणमा यो वा त्यो पार्टी वा समूह नभनी आफू होइन, योग्यलाई स्थान र जिम्मेवारी दिन र सोहीअनुसारको खबरदारी गर्नुपर्ने हुन्छ । भ्रष्टाचारमुखी समाज सिर्जना गर्नु र संस्थागत मेरिटोक्रेसीलाई ध्वस्त पार्नु हिजोको भुल्न नसक्ने गम्भीर गल्ती थियो भन्ने कुरा राम्रोसँग बुझ्नुपर्छ र यसको पुनरावृत्ति हुन दिनु हुँदैन ।




विगतमा जस्तै सही विश्लेषकलाई मूल्यहीन बनाइयो, निकटहरूको हालीमुहाली बढाइयो, संघ-संस्थाहरूलाई योग्यता र क्षमताको सट्टा शक्ति र भक्ति केन्द्र बनाइयो, स्वच्छ छविका कर्मठ नागरिक र विज्ञहरूलाई तेस्रो दर्जामा थन्काइयो भने त्यो राजनीति अन्ततः कुराजनीति नै बन्छ । आफूलाई सदाबहार सत्तामा राख्न हदसम्मको हरकत देखाउने, सत्ता भागबन्डा, लुछाचुडी र घोटालामा रमाउने र मुलुकभित्रको उन्नत विज्ञताको अवमूल्यन गर्ने सरकारले जनभावनाको कदर गर्न सक्दैन, न त राजनीतिक-सामाजिक सुसंस्कार तथा भ्रष्टाचाररहित समाजको आधार नै निर्माण गर्न सक्छ ।

व्यक्तिगत स्वार्थ वा दलगत फाइदाका लागि पदलाई दुरुपयोग गर्ने, निरंकुश र दासमुखी बन्दै जाने, एक-अर्कालाई गाली-गलौच र निषेध गर्ने लोकतन्त्र परिस्कृत हुन सक्दैन । यो तब बलियो हुन्छ, जब राज्यसत्ता केवल योग्यता, इमानदारिता र निष्पक्षतामा आधारित हुन्छ र राज्यका अङ्गहरू स्वतन्त्र, पारदर्शी र उत्तरदायी रहन्छन् । संघीयता, विकेन्द्रीकरण, गणतन्त्र, लोकतन्त्र, पार्टी प्रणाली वा राजसंस्था पद्धति, भौगोलिक विकटता-आकार र वातावरणीय चुनौतीलाई दोष दिँदै राज्य सञ्चालकले उम्किन पाउँदैनन् । उन्नतिको शिखरमा पुगेका बेलायत, जापान, स्विट्जरल्यान्ड, सिङ्गापुर, मध्यपूर्व, अमेरिका, जर्मनी, बेलायत, फ्रान्स, चीन, फिनल्याण्ड र नर्वेका नमूनाहरू नै पर्याप्त छन् ।

राजनीतिक चरणहरूमा यसका राजनीतिककर्मीहरूले जनताकै साथमा समृद्ध र स्वर्णिम नेपालको सपना देखेका थिए । सुन्दर योजना बुने जस्तो र धेरैमा दृढ प्रतिबद्धता, इमानदारिता र समर्पण पनि रहेको थियो । कतिपयको निष्ठा, दक्षता, राष्ट्रसेवा र त्याग पनि निकै प्रशंसनीय थियो । तर समयसँगै उनीहरू नै चरम अवसरवादीहरू बन्दै गए । जुन कुरा या त तिनलाई पत्तै भएन वा निर्वाचन जित्ने र सत्ता प्राप्त गर्ने नाममा आँखा चिम्लिए । यो अवस्थासम्म आइपुग्दा त्यो वर्ग या त आफ्नै नेतृत्वप्रति सीमाहीन निष्ठावान र निरिह भयो अथवा आफ्नो मूल दायित्वप्रति दिग्भ्रमित बन्यो । आफ्नै उद्देश्य प्राप्तिप्रति सजग हुनु र गलत, अप्रजातान्त्रिक, अप्रगतिशील, प्रतिगामी र जनकल्याणविरोधी दिशाप्रति घोर आपत्ति जनाउनु र जनपक्षीय संघर्ष गर्न सक्नुपर्ने थियो ।

सरकारहरूको मूल कर्तव्य आफ्नै विशेषज्ञहरू मार्फत औद्योगिकीकरण गरी देश समृद्ध गर्नुपर्नेमा उल्टै विगतका उद्योग धरासायी हुँदा निर्यातको बदलामा आयातमुखी बन्यो नेपाल । कृषि, जल, वन, सौर्य र पर्यटनजस्ता असिम सम्भावनाले भरिपूर्ण यो भूमि आज उजाड भयो । वैज्ञानिक पर्यटकको आकर्षण बढाई, शिक्षण-अनुसन्धान पोख्त बनाउने र अन्तर्राष्ट्रियकरण गर्न सकिने विश्वविद्यालयहरू राजनीतिमय भई विद्यार्थी-शोधकर्ताको खडेरी हुँदै गयो । जनताले चरम आर्थिक कठिनाइ भोग्नुपऱ्यो । प्राकृतिक-सांस्कृतिक सम्पदा विश्वप्रसिद्ध भए पनि अविकसित राष्ट्रहरूको सूचीमा जानुपऱ्यो । यसले नेपालीको मनमा गहिरो चोट र मस्तिष्कमा बोझ थप्यो, पलायन गरायो, निराशा फैलायो र राष्ट्रको दिगो विकासमा योगदान दिने क्षमतालाई अवरुद्ध गऱ्यो, जसले समृद्ध नेपालको खाका र जनताको सुनौलो सपना चकनाचुर गऱ्यो ।


शाह र राणा शासनकालदेखि संघीय गणतान्त्रिक लोकतन्त्रसम्म नेपालको राजनीतिक शक्ति प्रायः केही स्थायी गुटबद्ध नियन्त्रणमा रहिरह्यो । यी नेतृत्वकर्ताहरू हरेक प्रणाली आफूअनुकूल बनाउन, संस्थामा प्रभुत्व जमाउन, शैक्षिक र संगठनात्मक विकासमा लगाम लगाउन र धमिलो वातावरणमा आफ्ना स्वार्थ सिद्ध गर्न निपुण भए । यिनैहरू परिवर्तनविरोधी अवस्थाभित्र अवसरवादी समाजको संरक्षक बन्ने काम गर्छन् । सामाजिक र राष्ट्रिय प्रगतिमा अवरोध सिर्जना गर्ने, संस्थालाई अधोगतितर्फ धकेल्ने कामले राज्य जनविश्वास कमजोर बनाउँछ, अवसरवादी र चाकरीवादीहरूको पहुँच बढ्छ र योग्य नागरिक वा कार्यकर्ताको दर्जा दोस्रोमा पर्छ । यदि यिनले आफ्ना सोच र क्रियाकलाप गम्भीरतापूर्वक मूल्यांकन नगरे भने सिर्जना गरेको परिणामको भागेदार र दण्ड दिने जिम्मेवारी भविष्यको सुसंस्कृत समाजको हुन्छ ।

परापूर्वकालदेखि नै नेपाली समाजमा ठूलो संख्यामा त्यस्ता कार्यकर्ता, समाजसेवी, प्राज्ञ, विज्ञ र जनता छन्, जो कहिल्यै सत्ताको केन्द्रमा रहेनन्, राज्यबाट अनावश्यक लाभ लिएनन्, राज्य दोहन पनि गरेनन् र भक्ति-शक्ति केन्द्रको वरिपरि घुमी लाभको तर पनि मारेनन् । उनीहरूले स्वतन्त्र रूपमा आफ्नो विवेक, इमानदारिता र विज्ञता प्रयोग गरी राष्ट्र, समाज र संस्थाको अनवरत सेवा गरिरहे । यिनको सचेतता, निगरानी, सहकार्य र सक्रिय सहभागिताले मात्र राज्य प्रणालीलाई साँचो अर्थमा स्थायित्व दिन र भविष्यमा व्यापक परिवर्तन ल्याउन सक्छ । केवल पद वा शक्ति प्राप्तिमा सीमित नभई आफ्नै जिम्मेवारी, निष्ठा, अनुशासन र दीर्घकालीन प्रतिबद्धतामा आधारित भई देश विकासमाथिको वास्तविक प्रभाव तब मात्र देखाउनेछन्, जब राज्यका मुख्य अङ्गहरूमा जिम्मेवारी लिएर निर्बाध रूपमा सक्रिय भूमिका निभाउनेछन् ।

केन्द्रीय सत्ता सम्हाल्नेहरू उपलब्धि र असफलताको पूर्ण उत्तरदायित्व बोक्ने हुनुपर्छ । आज नयाँ वा पुरानाहरूलाई अतीतबाट सिक्ने, जिम्मेवारी लिने र नयाँ चुनौती सामना गर्ने अवसर प्राप्त छ । इतिहासले राष्ट्रको हितमा इमानदार र प्रतिबद्ध भएर काम गर्नेहरूलाई पुरस्कृत नै गर्नेछ, केवल व्यक्तिगत लाभ खोज्नेहरूलाई मात्र दण्ड दिनेछ । अझै भ्रष्टाचारमुखी प्रभुत्व जमाउने, न्याय, मेरिटोक्रेसी र जनताका समस्यालाई बेवास्ता गरी आ-आफ्ना लाभतर्फ लागि जनताविरोधी स्वार्थपूर्ण अभ्यास दोहोऱ्याए भने थप अर्को परिणामको सामना गर्नुपर्ने हुन्छ । जनता केवल दर्शक-श्रोता मात्र छैनन् । उनीहरूले आफ्नो भूमिका बुझिसकेका छन् । जनताले सक्रिय, सबल, स्वतन्त्र राज्यसत्ताको कल्पना गरेका छन्, जसले विकसित र सबल राष्ट्र निर्माण गर्न सकोस् । उनीहरू योजना र कार्यान्वयनमा आधारित मूल्याङ्कनको पर्खाइमा छन् । यदि पुनः दुःखको बाटो स्वीकार्नुपर्ने बाध्यता आयो भने नेपाली राजनीतिको दशक-दशकको फेरबदलजस्तै अर्को जनविद्रोह नफुटोस् भन्ने कामना पनि गर्छन् । यस्तो बलिदान नदोहोरियोस् र राष्ट्रकेन्द्रित विन-विन सहकार्यको राजनीति सुदृढ होस् भन्ने आशा आजका सचेत जनता, बुद्धिजीवी र युवा पुस्ताले गरेका छन् ।

## इतिहासमा आज


६ जनवरी १९८९ मा प्रधानमन्त्री इन्दिरा गान्धीको हत्याको षड्यन्त्र रचेको आरोपमा सतवंत सिंह र केहर सिंहलाई मृत्युदण्डको सजाय सुनाइयो, ती दुई जनालाई एकै दिन मृत्युदण्ड दिइयो ।




६ जनवरी २०१७ मा फ्लोरिडाको ब्रोवार्ड काउन्टीको फोर्ट लाउडरडेल-हलिउड अन्तर राष्ट्रिय विमानस्थलमा भएको सामूहिक गोलीबारीमा पाँच जनाको मृत्यु भयो र अन्य छ जना घाइते भए ।




६ जनवरी २०२५ मा जस्टिन ट्रुडोले नौ वर्ष पदमा रहेपछि क्यानडाको लिबरल पार्टीको नेता र क्यानडाको प्रधानमन्त्रीको पदबाट राजीनामाको घोषणा गरे ।



६ जनवरी २०२१ मा २०२० को राष्ट्रपति चुनावको प्रमाणीकरणमा बाधा पुऱ्याउन अमेरिकीहरूले संयुक्त राज्य अमेरिकाको क्यापिटल भवनमा आक्रमण गरे, जसको परिणामस्वरूप चार जनाको मृत्यु भयो र अमेरिकी कांग्रेस खाली भयो ।



## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

सनकी ट्रम्पले युद्ध रोक्ने वाचा गरेर चुनाव जिते । युक्रेन युद्ध रोक्न त सकेनन् नै भेनेजुएलामाथि आक्रमण गरेर अमेरिकालाई फेरि एकपटक बदनाम गरे । युक्रेन र गाजा युद्धयताको वैश्विक तनाव शिथिल नहुँदै काराकसमाथि आक्रमण गरेर अनावश्यक ध्रुवीकरण निम्त्याए । यो पनि पपुलिस्ट परिणाम नै हो ।

आज प्रधानमन्त्री कार्यालयले भ्रष्टाचारविरुद्ध दोस्रो राष्ट्रिय रणनीति तथा कार्यनीतिको मस्यौदामा छलफलका लागि बोलाएकाले ३ घण्टा बसियो । आफूलाई लागेका सुझाव र प्रतिक्रिया दिइयो । यसको मस्यौदा हेर्दा म निकै निराश भएँ । लाग्यो- भदौ २३ मा भएको जेनजी विद्रोह एउटा भ्रम मात्र हो । सुशासन निकै टाढा छ ।



**तारानाथ दाहाल**



**रोशन खड्का**

मादुरोलाई अमेरिकाले भेनेजुएलामा गएर पक्राउ गर्दा समेत नेपालका कम्युनिस्टहरू के हेरेर बसेका ? अमेरिकी 'साम्राज्यवाद'विरुद्ध भाषण गर्दै हिँड्नेहरूबाट एउटा सामान्य विज्ञप्तिसमेत नआउनु अचम्मकै भयो त ! कि साम्राज्यवादको परिभाषा फेरियो ?

हालका केही अन्तर्राष्ट्रिय (खासगरी भेनेजुएलाको) घटनाक्रमले कुनै पनि देशको सार्वभौमिकता, आत्मनिर्णय र बहुपक्षीय के यी व्यवस्थाको महत्वमाथि गम्भीर प्रश्न उठाइरहेका छन् । कुनै पनि राष्ट्रको आन्तरिक मामिलामा बाह्य हस्तक्षेपले दीर्घकालीन स्थायित्वभन्दा अस्थिरता निम्त्याउने जोखिम रहन्छ ।



**रामकुमारी झाँक्री**

# किन कमजोर छ स्मरणशक्ति ?

**ब्लग**



● समिर बराल

*यदि ज्ञान-आधारित समाज निर्माण गर्ने लक्ष्य राख्ने हो भने केवल पाठ्यक्रम परिवर्तन पर्याप्त हुँदैन, सिक्ने तरिकामा परिवर्तन आवश्यक छ । शिक्षामा स्मरणशक्ति प्रविधि, एकाग्रता अभ्यास र बौद्धिक खेलहरू समावेश नगरेसम्म, हामी प्रमाणपत्रधारी युवा त उत्पादन गर्छौं तर प्रतिस्पर्धी युवा उत्पादन गर्न सक्दैनौं ।*

नेपाली युवामाझ बारम्बार सुन्ने एउटा वाक्य छ- मेरो स्मरणशक्ति कमजोर छ । पढाइ, परीक्षा र प्रतिस्पर्धाको दबाबमा यही सोचले धेरै युवाको आत्मविश्वास कमजोर बनाइरहेको छ । मैले पनि कहिल्यै आफूलाई जन्मजात असाधारण स्मरणशक्ति भएको व्यक्ति ठानेको थिइनँ । तर मेमोरी स्पोर्ट्र्ससँगको यात्राले मलाई एउटा स्पष्ट निष्कर्षमा पुऱ्याएको छ- स्मरणशक्ति कमजोरी होइन, प्रशिक्षणको अभाव मात्र हो ।

मेमोरी स्पोर्ट्स आज विश्वका धेरै देशहरूमा व्यवस्थित बौद्धिक खेलका रूपमा स्थापित भइसकेको छ । यस खेलमा खेलाडीहरूले सीमित समयमा अंक, शब्द, तस्बिर, अनुहार र कार्डहरू अत्यन्तै उच्च सटीकतासहित सम्झनुपर्ने हुन्छ । बाहिरबाट हेर्दा यो असम्भवजस्तो लाग्न सक्छ, तर यसको आधार कुनै जादु होइन । यो मस्तिष्कको कार्यप्रणालीमा आधारित वैज्ञानिक प्रविधि, निरन्तर अभ्यास र मानसिक अनुशासनको परिणाम हो । सही तरिका सिकेपछि सामान्य मानिसले पनि असाधारण परिणाम दिन सक्छ भन्ने कुरा मैले आफ्नै अभ्यासबाट अनुभव गरेको छु ।

दुर्भाग्यवश, नेपालको शिक्षा प्रणाली अझै पनि घोकन्ते शैलीमै अडिएको छ । हामीलाई के पढ्ने भन्ने त सिकाइन्छ, तर कसरी सम्झने भन्ने कहिल्यै सिकाइँदैन । नतिजा- परीक्षा सकेपछि ज्ञान हराउँछ, आत्मविश्वास घट्छ र धेरै युवाले आफूलाई 'पढाइमा कमजोर' ठान्न थाल्छन् । मेरो बुझाइमा, यो समस्या क्षमताको होइन, प्रणालीको हो । स्मरणशक्ति प्रविधि भनेको केवल परीक्षा पास गर्ने उपाय होइन, यो सोच्ने, सिक्ने र ज्ञानलाई दीर्घकालीन रूपमा प्रयोग गर्ने वैज्ञानिक अभ्यास हो ।

सन् २०२४ मा भारतको मुम्बईमा सम्पन्न इन्डियन राष्ट्रिय मेमोरी च्याम्पियनसीप २०२४ मा सहभागी हुन पाउनु मेरो मेमोरी स्पोर्ट्स यात्राको महत्वपूर्ण मोड बन्यो । भारतका विभिन्न राज्यबाट आएका अनुभवी र प्रशिक्षित मेमोरी एथलेटहरूसँग प्रतिस्पर्धा गर्नु सजिलो थिएन । नेपालमा औपचारिक मेमोरी प्रशिक्षण संस्था, नियमित राष्ट्रिय प्रतियोगिता वा संरचित समर्थन नहुँदा-नहुँदै पनि अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा उभिनु आफैंमा ठूलो चुनौती थियो ।

यस प्रतियोगितामा मैले इमेज वर्गमा पाँच मिनेटभित्र १८२ वटा तस्बिर सफलतापूर्वक स्मरण गर्दै कांस्य पदक जित्न सकेँ । साथै, समग्र प्रदर्शनका आधारमा मलाई उत्कृष्ट प्रदर्शन बिजेताको उपाधि प्रदान गरियो । वयस्क वर्गमा मैले ५औं स्थान हासिल गरेँ । यी उपलब्धिहरू मेरा लागि व्यक्तिगत सन्तोषका विषय त हुन् नै, तर मेरो दृष्टिमा यसको महत्व अझ ठूलो छ- यसले नेपालबाट पनि मेमोरी स्पोर्ट्स सम्भव छ भन्ने कुरा प्रमाणित गऱ्यो ।

आज म इन्टरनेसनल एसोसिएसन अफ मेमोरीको आधिकारिक विश्व वरीयतामा सूचीकृत एकमात्र नेपाली खेलाडी हुँ र हाल मेरो विश्व वरीयता २३२औं स्थानमा छ । नेपाल जस्तो देश, जहाँ मेमोरी स्पोर्ट्सको संरचना अझै प्रारम्भिक चरणमै छ, त्यहाँबाट विश्व वरीयतामा स्थान बनाउनु मेरो व्यक्तिगत सफलताभन्दा बढी, नेपाली युवाका लागि सम्भावनाको स्पष्ट संकेत हो ।

म यो लेख उपलब्धि देखाउनका लागि मात्र लेखिरहेको छैन । मेरो उद्देश्य नेपाली युवालाई एउटा प्रश्न सोध्नु हो- यदि सीमित स्रोत, सीमित अभ्यास वातावरण र न्यून संरचनाका बीच पनि म अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्छु भने, उचित अवसर पाए नेपाली युवाले के गर्न सक्दैनन् ?

आजका नेपाली युवा सूचनाको अत्यधिक प्रवाहले भरिएको युगमा जीवन बिताइरहेका छन् । सामाजिक सञ्जाल, प्रविधि र तीव्र प्रतिस्पर्धाले ध्यान अवधि छोट्याइरहेको छ । यस्तो अवस्थामा स्मरणशक्ति, एकाग्रता र मानसिक अनुशासन कुनै वैकल्पिक सीप होइन, अनिवार्य आवश्यकता बनेको छ । मेमोरी स्पोर्ट्सले मलाई छिटो पढ्न, प्रभावकारी रूपमा सम्झन, आत्मविश्वासका साथ प्रस्तुति दिन र मानसिक नियन्त्रण विकास गर्न सहयोग गरेको छ र यही सीप आजका युवालाई अत्यन्त आवश्यक छ । यदि ज्ञान-आधारित समाज निर्माण गर्ने लक्ष्य राख्ने हो भने केवल पाठ्यक्रम परिवर्तन पर्याप्त हुँदैन, सिक्ने तरिकामा परिवर्तन आवश्यक छ । शिक्षामा स्मरणशक्ति प्रविधि, एकाग्रता अभ्यास र बौद्धिक खेलहरू समावेश नगरेसम्म, हामी प्रमाणपत्रधारी युवा त उत्पादन गर्छौं, तर प्रतिस्पर्धी युवा उत्पादन गर्न सक्दैनौं ।

मेमोरी स्पोर्ट्स कुनै व्यक्तिगत रुचिको विषय मात्र होइन । यो शिक्षा सुधार, युवा सशक्तिकरण र राष्ट्रिय बौद्धिक पहिचानसँग जोडिएको विषय हो । नेपालमा राष्ट्रिय मेमोरी च्याम्पियनशिप, विद्यालयस्तरीय मेमोरी क्लब, प्रशिक्षक उत्पादन र नीतिगत समर्थन अब विलम्ब गर्न नमिल्ने आवश्यकता बनेको छ । स्मरणशक्ति जन्मजात हुन्छ भन्ने भ्रम तोड्ने समय आइसकेको छ । नेपाली युवालाई 'तिमी सक्छौ' भनेर मात्र होइन, 'तिमीले गरेर देखाउन सक्छौ' भन्ने प्रमाण चाहिएको छ । मेरो यात्रा त्यो प्रमाणको एउटा सानो उदाहरण मात्र हो । यो लेख मेरो कथा भन्दा पनि, नेपाली युवालाई सोच बदल्न र क्षमतामाथि विश्वास गर्न दिएको सम्पादकीय आह्वान हो ।

**(लेखक बराल, इन्डियन राष्ट्रिय मेमोरी च्याम्पियनसिप २०२४ का पदक विजेता खेलाडी हुन् ।)**

# पोखरिया नगरपालिकाको १०औं हिउँदे नगरसभा सम्पन्न

लालबाबु बानिया/मध्यान्ह
पर्सा, २१ पुस



पर्साको पोखरिया नगरपालिकाको १०औं हिउँदे नगरसभा सोमबार सम्पन्न भएको छ। पोखरिया नगरपालिकाको सभा हलमा सम्पन्न नगरसभाको उद्घाटन नगरप्रमुख प्रद्युम्न चौहानले पानसमा दीप प्रज्वलन गरेर गरेका थिए। नगरप्रमुख चौहानको अध्यक्षतामा सम्पन्न नगरसभामा पोखरिया नगरपालिकाको विकासका लागि आफू निरन्तर लागिपरेको बताए।

उनले मालपोत कार्यालय, नापी शाखा तथा प्रदेशिक अस्पताल नगरपालिकाभित्र ल्याउन सफल भई राम्रो काम भएको उल्लेख गरे। साथै इलाका प्रशासन कार्यालय स्थापनाको कार्य पूरा भइसकेको र केही दिनमै स्थापना हुनेमा जोड दिए। नगरप्रमुख चौहानले नेरा मावि महोबनी विद्यालय भवन निर्माणका लागि टेन्डर भइसकेको जानकारी दिए।

त्यस्तै जिल्ला उच्चाङ्गल रामदेव माविको पुरानो भवनलाई नयाँ भवन निर्माणका लागि व्यवस्थापन गरिएको उनले बताए।

नगरविकास समितिको सहयोगमा बजार क्षेत्रमा खटाल निर्माण गर्ने तथा नगरपालिकाभित्र उद्योग व्यवस्थापन गरिएकोले ती सबै कार्यक्रम हिउँदे नगरसभाबाट पारित गरिएको जानकारी दिए।

नगरपालिकाको योजनाअन्तर्गत रहेका निर्माण लगायतका काम आफूले सकेसम्म बाँकी नराखेको नगरप्रमुख चौहानले बताए। राजनीतिकर्मी, जनप्रतिनिधि र कर्मचारीहरूबीच समन्वय गरेर अगाडि बढेकै कारण अहिले विकास निर्माणका धेरै काम अघि बढिरहेको उनको भनाइ थियो।

यस वर्ष घाटा रकम रहेकाले विकास निर्माणका काममा केही ढिलाइ भएको नगरप्रमुख चौहानले स्पष्ट पारे। बजेटभन्दा बढी रकमको बजेट बनेकाले समस्या देखिएको भन्दै उनले जनप्रतिनिधिसँग बाँकी रहेका विकास निर्माणका काम माघ महिनादेखि सुरु हुने जानकारी दिए। हिउँदे नगरसभा कार्यक्रममा उप-नगरप्रमुख रुबी ठाकुरले स्वागत मन्तव्य व्यक्त राखेकी थिइन्। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीले आफू भर्खरै आएको उल्लेख गर्दै आफ्नो हस्ताक्षरबाट हुने कामलाई पहिलो प्राथमिकतामा राख्ने र जनताका काम छिटोछरितो रूपमा गर्ने प्रतिबद्धता व्यक्त गरे।

विकास बजेटको विषयमा जनप्रतिनिधिहरूलाई जानकारी गराउँदै समयमै ध्यान नपुग्दा नेपाल सरकारबाट आउने बजेटभन्दा बढी बजेट बनेको उनले बताए। आगामी दिनमा बजेट संशोधन गरी विकासका काम अघि बढाइने अधिकृत जोशीले बताए।

कार्यक्रममा वडाध्यक्षहरू लक्ष्मण साह कानु, नौसाद आलम, प्रमोद गिरी, केदार प्रसाद, महेन्द्र महतो, शियानन्द चौहान, प्रमन्नद पटेल, किसोरी साह, कार्यपालिका सदस्य रामबचन महतो, अजय साह लगायतले हिउँदे नगरसभाको सफलताको शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा कार्यपालिका सदस्य, नगरपालिका सदस्य, कर्मचारी लेखापाल मन्दिप महतो, योजना शाखा प्रमुख संजय पाण्डे, अधिकृत विजय झा, स्वास्थ्य संयोजक कौसलेन्द्र झा, आईटी अफिसर अरबिन्द दुबेदी, सन्दिप साह, भगवान साह, सामाजिक शाखा प्रमुख वाल्मीकि साह, कर्मचारीहरू, पत्रकार, सुरक्षाकर्मी लगायतको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखा सह-संयोजक शिवसिंह पटेलले गरेका थिए।


ༀ།།ཤོད་རོང་པོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།

## सोलुदुधकुण्ड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति २०८२/०९/२२

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८२/०८/२१ गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र विद्युतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा तुलनात्मक रुपमा सबैभन्दा न्यून भएका तपसिलको बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट र पि.एस. बाहेक ) |
|---|---|---|---|
| 04-NCB-SDM-Works2082/83 | खुम्बुले दोर्जी मार्ग सडक स्तरोन्नती | आर.पि. कन्स्ट्रक्सन एण्ड सप्लार्यस, सोलुदुधकुण्ड नगरपालिका वडा नं. -६, सोलुखुम्बु | ४८,४७,२८६.४० अक्षेरेपी रु अट्चालिस लाख सत्चालिस हजार दुईसय छ्यासी रुपैयाँ चालिस पैसा मात्र। |

प्रमुख प्रशासकीय अधिकृत



## किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

केन्द्रीय कार्यालय:
लम्कीचुहा न.पा.-१, लम्की, कैलाली
फोन नं. ०९१-५४०४२६, ५४०४८६, १६६०९११७३३३
wwwkisancoopcom, info@kisancoopcom

लम्कीचुहा-१, लम्की, कैलालीको

### धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

(तेस्रो वा अन्तिम पटक प्रकाशित मिति २०८२/०९/२२ गते (मध्यान्ह राष्ट्रिय दैनिक)

यस सहकारी संस्थाको शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित सदस्यहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको र निज सदस्यहरुले यस सहकारी संस्थासँग भए गरेको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना मार्फत तरताकेता गर्दा समेत ऋण भुक्तान नगरी सहकारी संस्थासँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले सहकारी संस्थाले विभिन्न मितिहरुमा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी जमानीकर्ताहरु र व्यक्तिगत धनजमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत उक्त ऋणको साँवा व्याज, हर्जाना तथा अन्य दै-दस्तुर भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५ को दफा ३० को उपदफा १ को खण्ड (ख) र संस्थाको कर्जा नीति, निर्देशिका २०६३ तथा प्रचलित अन्य कानुनको अधिनमा रही उपरोक्त ऋणहरुको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्तिहरु (घर-जग्गा) जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि सहकारी संस्थाको लेना रकम असुलउपर गर्नको लागि तेस्रो वा अन्तिम पटक यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तसर्थ, धितोमा रहेको उक्त सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-सस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपुर्वक यस सहकारी संस्थाको केन्द्रीय कार्यालय लम्की, कैलालीमा आइपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई सहकारी संस्थाले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा ३, सहकारी नियमावली २०७५ को दफा ३२ को उपदफा १ र यस सहकारी संस्थाको कर्जा नीति निर्देशिका तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी सदस्य, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम समावेश गर्नको लागी सिफारिश गरी पठाइने साथै यसरी सूचना प्रकाशित गर्दा लागेको प्रशासनिक खर्च र कर्जा असुलीको क्रममा लागेको कानुनी खर्च ऋणी सदस्यको कर्जा खातामा समावेश गरिन व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपसिल:

**ऋणी, व्यक्तिगत जमानतकर्ता र लिलाम हुने धितोको विवरण**

**१. ऋणीको नाम, थर: महेश सिं वि. क.**
ना.प्र.प.नं. : ६७३००४/७ (कैलाली), **बाजेको नाम :** झुसे कामी, **बाबुको नाम :** रन सिं कामी, **ठेगाना :** लम्कीचुहा न.पा.वडा.न १ कुन्टीखेत कैलाली
**व्यक्तिगत जमानतकर्ता: जित बहादुर वि. क.**
ना.प्र.प.नं. ६७३००२/४८५ (कैलाली), **बाजेको नाम :** झुसे कामी, **बाबुको नाम :** रन सिं कामी, **ठेगाना :** लम्कीचुहा न.पा.वडा.न १ कुन्टीखेत, कैलाली
**लिलामहुने धितोको विवरण :**
**महेश सिं वि.क.को** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक वलिया गा.वि.स. वडा न. ६ स्थित, कि.नं. ४८४ को क्षेत्रफल क्रमश ३३८६.४० व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

**२ ऋणीको नाम, थर: भरत बहादुर लोहार**
ना.प्र.प.नं.: १२९२० (कैलाली) **बाजेको नाम** : गोरे लोहार, **बाबुको नाम** : शेर बहादुर लोहार, **ठेगाना** : टीकापुर न.पा.वडा.न. १ टीकापुर, कैलाली
**व्यक्तिगत जमानतकर्ता: रितु लोहार**
ना.प्र.प.नं: ६७२०४०/१११५२ (कैलाली), **ससुराको नाम** : शेर बहादुर लोहार, **पतिको नाम** : भरत बहादुर लोहार, **ठेगाना:** टीकापुर न.पा.वडा नं. १, कैलाली
**लिलाम हुने धितोको विवरण:**
**भरत बहादुर लोहारको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, साविक मनिकापुर गा.बि.स.. वडा नं. ८ र ९ स्थित कित्ता नं. क्रमश: कि.न.४०४९ र ६०२ को क्षेत्रफल क्रमश:२२५.६६ व.मी. र ३३८६.४० व.मि.क्षेत्रफल रहेका जग्गाहरु.साथै कि.न.४०४९मा रहेको ८७६.७५ व.फि.क्षेत्रफलको आर.सि.सि.ढलान भएको १ तले पक्कीघर लगायत सम्पूर्ण लिगलगापात समेत।

**३. ऋणीको नाम, थर: डिल्लीनाथ योगी**
ना.प्र.प.नं. ६७२००३/१६५०५ (कैलाली) **बाजेको नाम** : शिब चरण योगी, **बाबुको नाम:** धन नाथ योगी, **ठेगाना** : लम्कीचुहा न.पा.वडा.न.६, कैलाली
**व्यक्तिगत जमानतकर्ता : लक्ष्मी योगी**
ना.प्र.प.नं: ६७२००३/३०००२ (कैलाली), **ससुराको नाम:** धन नाथ योगी, **पतिको नाम:** डिल्लीनाथ योगी, **ठेगाना:** लम्कीचुहा न.पा.वडा नं. ६, कैलाली
**लिलामहुने धितोको विवरण:**
**खगीसरा योगीको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला साविक चुहा वडा नं. ८ स्थित कित्ता नं.२७५७ को ०-०-२-० क्षेत्रफल जग्गा र ११०१ को ०-०-५-० क्षेत्रफल जग्गा र उक्त जग्गामा रहेको ८१० व.फी.घर लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नाम, थर: राम चरण चौधरी**
ना.प्र.प.नं. :७६४/१८५ (कैलाली) **बाजेको नाम:** तेज बहादुर डगौरा, **बाबुको नाम** : छेदुलाल डगौरा, **ठेगाना** : जोशीपुर गा. पा. वडा. न. ५ मैनपोखरी, कैलाली
**व्यक्तिगत जमानतकर्ता: सरस्वती चौधरी**
ना.प्र.प.नं: ६६३/१९० (कैलाली), **ससुराको नाम:** छेदुलाल चौधरी, **पतिको नाम** : रामचरण चौधरी, **ठेगाना** : जोशीपुर गा. पा. वडा न. ५ मैनपोखरी, कैलाली
**लिलामहुने धितोको विवरण:**
**राम चरण चौधरीको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, साविक नारायणपुर गा.बि.स.. वडा नं. ९ क स्थित कित्ता नं. ८७५ को क्षेत्रफल १४८१.५५ व.मी. रहेको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फारम संस्थाको केन्द्रीय कार्यालय लम्कीचुहा नगरपालिका - १, लम्की कैलालीबाट रु.१,०००।- (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दीगरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत घर जग्गा वा खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सुचना प्रकाशित मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट संस्थाको केन्द्रीय कार्यालय, लम्कीचुहा-१, लम्की, कैलालीमा आइपुग्ने गरी कार्यालय समय (३:०० बजे) भित्र दाखिला गरी दर्ता गरी सक्नु पर्नेछ। म्याद नाघि आएका वा रित नपुगेका वा शर्त उल्लेख गरी दिएका बोलपत्र उपर कारबाही गरीने छैन।
३. आफुले खरिद गरी लिन चाहेको धितोमा रहेको चल-अचल सम्पत्ति के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र दाताले बोलपत्र आवेदनसाथ आफुले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुन आउने रकम धरौटी वापत यस संस्थाको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस संस्थाको नाममा खिचिएको बैंक वा वित्तीय सस्थाको Good for payment गरिएको A/c payee cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
५. बोलपत्रमा नेपाली नागरीक वा नेपालमा दर्ता भएको संगठित संथा, फर्म कम्पनी मात्र सहभागी हुनु पर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरीकता प्रमाणपत्रको प्रतिलिपी, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बरको प्रतिलिपी, करचुक्ता आदी आवेदन साथ पेश गर्नु पर्नेछ।
६. पर्न आएका बोलपत्र यो सुचना प्रकाशित मितिले ८ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिनको १:०० बजे यस सहकारी संस्थाको केन्द्रीय कार्यालय, लम्कीचुहा-१ लम्कीमा बोलपत्रदाता वा निजको प्रतिनिधी र उपस्थित सरकारी कार्यायलयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्बन्धि काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्वन्धी काम सम्पन्न गरीनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् यस संस्थाले तोकेको मिति भित्र तोकिएको बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस सहकारी संस्थमा निहित रहनेछ। सम्पत्ति (घर जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शल्क तथा अन्य सम्पुर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
८. बोलपत्रमा पेश गरेको रकमले कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कवोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा ६ बमोजिम तथा यस संस्थाको कर्जा नीति निर्देशिका बमोजीम सो सम्पत्ति यस संस्था आफैले सकार गर्न वा पुन सूचना जारी गरी लिलामी प्रक्रीयामा जान सक्नेछ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरीनेछ।
१०. धितोमा रहेको सम्पत्ती बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस संस्थामा निहित रहनेछ।
११. सहकारी नियमावली २०७५ को दफा ३० को उपदफा १ को खण्ड (च) बमोजिम यस संस्थाका सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले लिलाम बिक्रीमा भाग लिने उद्देश्यले बोलपत्र पेश गर्न पाउने छैनन्।
१२ लिलाम बिक्रीमा राखेको धितो(चल अचल सम्पत्ति)को न्यूनतम मुल्यांकन तथा अन्य विवरण बारे जानकारी लिन चाहेमा संस्थाको कार्यालय बाट लिन सकिनेछ।
१३. यस सम्बन्धी थप अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस सहकारी संस्थाको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च:** उल्लिखित ऋणी सदस्य (अख्तियार प्राप्त/व्यक्ति प्रोप्राइटर)/धितो जमानीकर्ता एंव धनजमानी दिनुहुने व्यक्तिहरु समेतले उक्त तोकिएको मिति भित्र यस सहकारी संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा व्याज तथा नियमानूसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पुर्ण रकम-कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तीको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पून. जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वयम उपस्थित भई लिलामवाट कायम हुने धितो सम्पत्तीको मुल्य घटि वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाममा बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा यस संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त भएन वा कम मुल्यमा बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनि कही कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

- **सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०९/२८ गते कार्यालय समय भित्र।**
- **सिलबन्दी बोलपत्र खोलिने मिति : २०८२/०९/२९ गते।**
- **सिलबन्दी बोलपत्र खोलिने समय : दिनको १:०० बजे।**
- **सिलबन्दी बोलपत्र खोलिने स्थान : किसान बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्रीय कार्यालय, लम्की, कैलाली।**


## कतारमा रोजगार
कम्पनी : PIGEON ENGINEERING PROJECTS FOR TRADING AND GENERAL SERVICES शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०९/२१ चलानी नं.: ६०२५०२०७ L.T. No.: 336660

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Welder | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३९,४०० | | | | | | | |
| 3. | Scaffolder | 5 | 0 | | 1100 | ४३,३४० | | | | | | | |
| 4. | Stone Mason | 10 | 0 | | 1100 | ४३,३४० | | | | | | | |
| 5. | Welder Worker | 12 | 0 | | 1100 | ४३,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**PEOPLE HRS PVT. LTD.** Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

## साउदीमा रोजगार
कम्पनी: ARABIAN BUILDING SUPPORT AND REHABILITATION CO. LTD. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०६/२६ चलानी नं.: ६०२४५९३२ L.T. No.: 332260 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waterproofing Helpers | 1 | 0 | स. काममा दक्ष | 1200 | ४६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**माादी ओभरसिज सर्भिसेस प्रा. लि.**
श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## कतारमा रोजगार
कम्पनी: AL MASTER TRADING CONTRACTING & SERVICE W.L.L शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८२/०९/२१ चलानी नं.: ६०२५०२०० LT. No.: 336632

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Helper | 10 | 0 | | 1000 | ३९,४०० | | | | | | | |
| 3. | Hotel Cleaner | 19 | 0 | | 1000 | ३९,४०० | | | | | | | |
| 4. | Labour | 35 | 0 | | 1000 | ३९,४०० | | | | | | | |
| 5. | Toilet Cleaner | 14 | 0 | | 1000 | ३९,४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Paragon H.R. Management Pvt. Ltd.** Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

## मलेसियामा रोजगार
कम्पनी : NORIS PROTECTION SDN. BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०९/२१ चलानी नं.: ६०२५०१९३ LT. No.: 336624

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1700 | ६०,४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८, ९८१३५७१०८१
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नः ०२५-५८०६८९, ९८०४३५६७५६

## ओमनमा रोजगार
कम्पनी: AL-SHADEN FOR CONSTRUCTION AND DEVELOPMENT शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०९/२१ चलानी नं.: ६०२५०१९२ L.T. No.: 336630

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४८,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painters | 3 | 0 | | 130 | ४८,६२९ | | | | | | | |
| 3. | General Builder | 5 | 0 | | 130 | ४८,६२९ | | | | | | | |
| 4. | Joinery Carpenters | 5 | 0 | | 130 | ४८,६२९ | | | | | | | |
| 5. | Reinforced Building Smith | 5 | 0 | | 130 | ४८,६२९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.** Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085, 9803093814
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

## साउदीमा रोजगार
कम्पनी : MAKNAZ INVESTMENT COMPANY LTD शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/२१ चलानी नं.: ६०२५०२११ LT. No.:336643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaner | 1 | 0 | स. काममा दक्ष | 1100 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.** श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

# लोपोन्मुख भाषा र संस्कृति जोगाउन रणनीति तयार



महमद सदाब/मध्यान्ह
वीरगन्ज, २१ पुस

दक्षिण एसियाका बहुभाषिक समाजमा लोप हुँदै गएका भाषा र संस्कृतिको संरक्षणमा पत्रकारिताको भूमिकाबारे छलफल गर्दै भारतको नालन्दा खुल्ला विश्वविद्यालयमा अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सोमबार सम्पन्न भएको छ । सार्क जर्नलिस्ट फोरम इन्टरनेसनको भारतस्थित विहार च्याप्टरले अमरपाली कला साहित्य सम्मेलन तथा मानवअधिकार टुडेसँग सहकार्य गरी सो सम्मेलन आयोजना गरेको हो ।

सम्मेलन दुई दिनसम्म चलेको थियो । पत्रकारिता केवल सूचना प्रवाहको माध्यमसँगै मातृभाषा संरक्षणको सशक्त औजार बन्नसक्ने सम्मेलनले निष्कर्ष निकालेको छ । सम्मेलनमा नेपालका तर्फबाट सहभागी नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले बताए । सो सम्मेलनमा पत्रकारिता मातृभाषा जोगाउन दक्षिण एसियाका पत्रकारहरूबीच आपसी ज्ञान, सीप र अनुभव आदानप्रदानलाई केन्द्रबिन्दुमा राखिएको पनि अध्यक्ष श्रेष्ठले बताए ।

